नेवा सेकुवा पसः
यामाहा शोरूमपछाडि, पानीटङ्की, वीरगंज
मो. ९८४५०६१६०२

यहाँ शुद्ध खसी र कुखुराको मासुका परिकार पाइन्छ ।

PRATEEK DAILY
# प्रतीक
दैनिक
राष्ट्रिय 'क' वर्ग
eprateekdaily.com



Parsa Marble & Tiles Pvt. Ltd.
Adarshnagar-10, Birgunj
(front of Panitanki Gate)
051-591592, 9811895095

❖ वर्ष ३५ ❖ २०७८ असोज २३ गते शनिवार // मृत भस्म नबन्दैमा भिल्को भैकन बल्नुछ // 2021 October 09 Saturday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ५२

### कब्रिस्तानबाट नियन्त्रणमा लिएको युवतीको शव शल्यपरीक्षणका लागि काठमाडौं पठाइयो

## आमा र बुबासहित चारजना प्रहरीको नियन्त्रणमा

प्रस, वीरगंज, २२ असोज/

जिल्ला प्रहरी कार्यालय पर्साले वीरगंज–१२ मुर्ली नवकाटोलामा रहेको कब्रिस्तानबाट नियन्त्रणमा लिएको एकजना युवतीको शव शल्यपरीक्षणका लागि काठमाडौं पठाइएको छ ।

युवतीको मृत्यु शङ्कास्पद देखिएको र सोही अनुसारको सूचना पाएको कारण नारायणी अस्पताल वीरगंजमा शल्यपरीक्षण नगरी शिक्षण अस्पताल महाराजगंज, काठमाडौं पठाइएको पर्सा प्रहरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनालले बताए । उनले बिहार पश्चिमी चम्पारण इनर्वा थाना खमिया निवासी १८ वर्षीया युवती जयुनत खातुनको अन्तिम संस्कार वीरगंजमा हुन लागेको र अन्तिम कर्ममा परिवारका सदस्य मात्रको सहभागिता रहेको सूचनाको आधारमा गाड्ने क्रममा शव बरामद भएको थियो ।

प्रवक्ता खनालले अन्तिम संस्कारमा सहभागीमध्ये चारजनालाई नियन्त्रणमा लिएर सोधपूछ गरिएको बताए ।

युवतीको मृत्यु कालगतिले नभएको र सो कर्तुत लुकाउने अभिप्रायले परिवारका सदस्यहरूले गुपचुप अन्तिम संस्कार गर्न खोजेको प्रहरीले आशङ्का व्यक्त गरेको छ ।



मृतक युवती जगरनाथपुर गाउँपालिकाका अध्यक्ष जालिम मियाँको परिवारसँग सम्बन्धित रहेको पाइएको छ । अध्यक्ष मियाँका नाति, मृतककी आमा, बुबासमेत केहीलाई प्रहरीले नियन्त्रणमा राखेको छ। घटना विवरण अनुसार मृतक युवती खातुन जगरनाथपुर गापाका अध्यक्ष मियाँका कान्छा छोरा जाकिर मियाँ धुनियाकी सहोदर साली हुन्। उनी केही समयदेखि आफ्नी दिदीको घरमा बस्दै आएकी बुझिएको छ। जयुनत जबरजस्ती करणीको शिकार भएकी र अत्यधिक रक्तश्रावका कारण उनको मृत्यु भएको प्रहरीको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ ।

मृतक युवतीको घाँटीमा नीलडाम पनि छ। मृतकको घाँटीमा नीलडामसमेत रहेकोले शवको प्रकृति शङ्कास्पद रहेको प्रहरी उपरीक्षक पाण्डेले बताए । प्रहरीलाई प्राप्त सूचना अनुसार मृतकका भिनाजु जाकिर मियाँ धुनियाले जबरजस्ती करणी गरेको र शवको व्यवस्थापन गर्न वीरगंज पठाएको अनुमान गरिएको छ।

यसबारे गापा अध्यक्ष जालिम मियाँसँग बुझ्दा उनले प्रहरीको दाबीमा कुनै सत्यता नरहेको बताए । मृतकका आमा र बुबा प्रहरीको नियन्त्रणमा छन्। उनीहरूले नै सत्यतथ्य बताउने गापा अध्यक्ष मियाँले बताए । घरमा झुन्डिन लाग्दा मृतकको आमाले देखेपछि उपचारको लागि वीरगंज ल्याउँदा बाटोमा मृत्यु भएको र गाउँ टाढा पर्ने भएकोले वीरगंजमा अन्तिम संस्कार गर्न लागेको उनले प्रस्ट्याए। अध्यक्ष मियाँले मृतकको मानसिक स्थिति ठीक नरहेको बताएका छन् । घटनाका मुख्य आरोपी जाकिर मियाँ अहिले फरार छन् ।

## वीरगंजमा सडकमानव मुक्त अभियान शुरू

प्रस, वीरगंज, २२ असोज/

वीरगंजस्थित मानवसेवा आश्रमले महानगरलाई सडकमानव मुक्त बनाउने अभियान अन्तर्गत बिहीवार रातिदेखि अभियान शुरू गरेको छ ।



मानवसेवा आश्रम वीरगंजकी संयोजक सानु मानवसेवाले नगरप्रमुख विजयकुमार सरावगीको सुझावमा सडकमानवमुक्त वीरगंज अभियान सञ्चालन गरेको बताइन्। उनले 'सबैको लागि छाना, सबैको लागि नाना' भन्ने आश्रमको नीति पनि रहेको र दशैंमा कसैले पनि वीरगंजमा सडकमा नै जीवन व्यतीत गर्न नपरोस् भन्ने कुरालाई विचार गरी घटस्थापनाको रातिदेखि अभियान शुरू गरेको बताइन् । उनले बिहीवार राति र शुक्रवार बिहान गरी तीनजना सडकमानवको उद्धार गरिएको बताइन्।

अभियानमा नगरप्रमुख सरावगी स्वयम् पनि सहभागी भएका थिए । घण्टाघरबाट शुरू गरिएको यो अभियान दशैंभरि बिहान र बेलुका गरी दुई समय सञ्चालन गरिने सानुले बताइन्। उनले योसँगै आश्रममा ३१ जना महिला, २९ जना पुरुष र तीनजना बालबालिका गरी ६३ जना रहेको बताइन्।

## बाराको प्रसौनी गापामा सिसिटिभी जडान


तस्वीरः प्रतीक

प्रस, वीरगंज, २२ असोज/

बाराको प्रसौनी गाउँपालिकाले सिसिटिभी जडान गरेको छ ।

शुक्रवार गापाद्वारा जडान गरिएको सिसिटिभीको गापा प्रमुख भोलाप्रसाद गुप्ताले उद्घाटन गरेका थिए।

उनले आजदेखि सञ्चालनमा आएको सिसिटिभीबाट गापामा हुने चोरी, डकैती, लागूपदार्थ सेवनलगायतका सबैखाले सामाजिक, आर्थिक अपराधका घटना न्यूनीकरणमा सहयोग पुग्ने विश्वास व्यक्त गरे । उनले सो सिसिटिभीबाट गण्डक, प्रसौनीबजारदेखि भलुही चोकसम्म निगरानी हुने बताए । उनले आगामी दिनमा विस्तार गर्दै कलैया उपमहानगरको सीमासँग जोड्ने बताए ।

जिल्ला प्रहरी कार्यालय बाराका प्रहरी

(बाँकी पाँचौं पातामा)

## प्रदीप यादवलाई मन्त्री नबनाएपछि पर्साका जसपा नेता, कार्यकर्ता निराश

प्रस, वीरगंज, २२ असोज/

जनता समाजवादी पार्टी नेपालका पर्सेली नेता, कार्यकर्ता निराश बनेका छन् ।

जसपाबाट पर्सा क्षेत्र नं १ का सङ्घीय सांसद प्रदीप यादवलाई मन्त्री बनाउने आश्वासन दिए पनि मन्त्री नबनाएकोले नेता, कार्यकर्ताहरू निराश बनेका छन् ।

लामो समयको रस्साकस्सीपछि जसपाका नेता राजेन्द्र श्रेष्ठलाई सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्री, भौतिक पूर्वाधार विकास मन्त्रीमा रेणु यादव, वनमन्त्रीमा बाराबाट रामसहायप्रसाद यादव र कृषिमन्त्रीमा महेन्द्रराय यादवलाई सरकारमा पठाएपछि पर्सेली जसपाका नेता, कार्यकर्ताहरू असन्तुष्ट बनेका हुन् ।

सांसद प्रदीप यादवले गत २०७४ सालको तीन तहकै चुनावमा पर्सामा विजयी गराउन महत्त्वपूर्ण योगदान दिएको तर पार्टीले उनको योगदानको कदर नगरेको भन्दै निराश बनेको नेता, कार्यकर्ताले प्रतिक्रिया दिएका छन्।

यसैलाई लिएर लिएर असन्तुष्ट नेता, कार्यकर्ताहरूले वीरगंजमा उपेन्द्र यादवको पुतला जलाउने तयारी गरेका छन्। तर जसपा पर्साका अध्यक्ष रामनरेश यादवले पुतला जलाउने कुनै कार्यक्रम नरहेको बताए । उनका अनुसार पार्टीको निर्णयलाई मानेर पर्साका नेता, कार्यकर्तालाई संयमता अपनाउन आग्रह गरे ।


सांसद प्रदीप यादव

## तस्करीको विषयलाई लिएर आरोप–प्रत्यारोप

सुग्रीव साह, भिस्वा, २२ असोज/

सशस्त्र प्रहरीको वीरगंजबाट खटेको टोलीले बिहीवार भिस्वाबाट १५ बोरा छोहोडा बरामद गरेको छ ।

भिस्वामा संस्थागतरूपमा तस्करी बन्द गरिएपछि ठूलो परिमाणमा छोहोडा बरामद भएको हो ।

करीब दुई महीनादेखि भिस्वा–सिकटा तस्करी बन्द छ ।

मुख्य नाका र सहायक बाटोहरू भएर संस्थागतरूपमा हुने गरेको तस्करी बन्द गरिएको कारण स्थानीय व्यापारीले सञ्चय गरेर राखेका खराब छोहोडाबारे वीरगंजमा सूचना दिएर समात्न लगाएको सशस्त्र प्रहरी निरीक्षक कृष्ण पौडेलले बताए । उनले आफूले तस्करी बन्द गराएको र खुला गर्न दबाब दिए पनि सुनवाइ नभएपछि बजारका व्यापारीहरूले षड्यन्त्र रचेको सफाइ दिए।

अहिले भिस्वा–सिकटा सीमानाका असोज १५ गतेदेखि सञ्चालनमा आएपछि चाडपर्वमा घरायसी सामानहरू खरीद गर्नेहरूलाई रोकटोक गरिएको छैन । सोबाहेक तस्करीको उद्देश्यले अहिले मुख्य



नाकाबाट कारोबार बन्द छ ।

केही तस्करहरूले भने मुख्य नाका बन्द गरिएको कारण ओरिया खोला भएर तस्करी शुरू गरेका छन्। बजारका व्यापारीहरूले मुख्य नाकाबाट तस्करी बन्द गराएका सुरक्षाकर्मीहरूले ओरिया खोला भएर लाइन दिएको आरोप लगाएका छन् ।

## पर्साका सातवटा पालिकामा भेरोसेल खोप दिइँदै

प्रस, वीरगंज, २२ असोज/

पर्सा जिल्लाका सातवटा पालिकामा शुक्रवारदेखि भेरोसेलको पहिलो मात्राको खोप लगाइँदैछ ।

स्वास्थ्य कार्यालय पर्साका खोप अधिकृत पशुपति यादवले आजदेखि दोस्रो चरणको खोप अभियान शुरू भएको बताए । उनले पहिलो चरण सातवटा पालिकामा भेरोसेलको पहिलो मात्रा लिन बाँकी ३५ वर्षमाथिका सबै, १८ वर्ष पुगेका भेरोसेलको पहिलो मात्रा लिन छुट विद्यार्थी र भेरोसेलको पहिलो मात्राको खोप लिएर दोस्रो मात्राको खोप लिन बाँकी सबैलाई खोप दिइएको बताए । उनले दोस्रो चरणमा आजदेखि पनि सोही मापदण्डमा पर्नेहरूलाई दिइएको बताएका छन् ।


महिलालाई खोप लगाउँदै स्वास्थ्यकर्मी । तस्वीरः प्रतीक

दोस्रो चरणमा वीरगंज महानगरपालिका, बहुदरमाई नगरपालिका, धोबिनी, छिपहरमाई, विन्ध्यवासिनी, पकाहामैनपुर, कालिकामाई गापाका वडा कार्यालहरूमा खोप लगाउने कार्य भइरहेको बताए ।


निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

आपसमा भाइचारा कायम राखौं, यस महामारीबाट बच्न सरकार र समुदाय मिलेर अघि बढौं ।
नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

### विचारसार र सूक्तिहरू

**मानिसको समस्त दिक्दारीको दुईवटा कारण छ–पहिलो भाग्यभन्दा बढी र दोस्रो समयभन्दा पहिले पाउने चाहना ।**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९,
फोन नं. ०५१-५२५१२२, ५२३१०५, ९८४५०२१९१०
email: prateekdaily@gmail.com
Website: www.prateekdaily.com

## भागबन्डा : फलिफाप कि बज्रपात

**अहिले नेपाली राजनीतिमा सबैभन्दा लोकप्रिय शब्द बनेको छ भागबन्डा । भागबन्डाको अर्थ शब्दकोषमा एकै अंशियार दाजु–भाइबीच बराबर हिसाबले गरिने सम्पत्तिको बाँडफाँड हो । तर नेपालका राजनीतिज्ञहरूले आफ्नो स्वार्थ सिद्ध गर्न यस शब्दको प्रयोग गर्न थालेका छन् । नेकपा जरासन्धीय बहुमतको सरकारबीच भागबन्डा नमिलेर छुट्टिए । छुट्टिएको अवस्थामा पनि बहुमतमा रहेको नेकपा एमालेबीच पुनः भागबन्डाको कुरा नमिल्दा पार्टी दुई चिरा भयो । अहिले संयुक्त सरकारबीच चित्तबुझ्दो भागबन्डाको आग्रहले तीन महीनासम्म पनि मन्त्रिमण्डल विस्तार हुन सकेको छैन । मन्त्री बनाउनेदेखि राज्यका सबैजसो अङ्गमा नियुक्ति भागबन्डाकै आधारमा हुन थालेको छ। यहाँसम्म कि न्यायाधीशको नियुक्ति पनि भागबन्डाका आधारमा हुने गरेको छ । यही कारणले पछिल्लो समय नेपालमा सबैजसो पद सरकार पक्षीय दलहरूबीच भागबन्डाका आधारमा हुने गरेको छ। नेपालका राजनीतिक दलहरू सत्तामा गएपछि एकापसमा भागबन्डाको खेल शुरू गर्छन् । सत्तापक्षका साथै विपक्षी राजनीतिक दल पनि भागबन्डामा रुमलिएका हुन्छन्। खोजेको भाग नमिल्दा मात्र प्रतिपक्षी भूमिकामा प्रस्तुत हुन्छन्। राम्रो व्यक्तिसँग सङ्गत गरियो भने खराब समय पनि सजिलै बित्छ अनि खराब व्यक्तिसँग सङ्गत गरेमा कुन दिन भड्खालोमा परिन्छ ठेगान हुँदैन। असल हुनका लागि असलको सङ्गत गर्नुपर्छ। यसो हेर्दा उहिलेका यी कुरा अहिलेसम्म खुइलिएका छैनन् ।**

**नेपालका ठूला–साना सबै दलमा भागबन्डाको खेल भइरहेको छ । ठूला नेताहरूको भागबन्डाको खेल हेर्दै आएका नेता, कार्यकर्ताहरू नै देश सङ्घीय गणतन्त्रमा गइसकेपछि प्रदेश अनि स्थानीय तहको बागडोर सम्हाल्दै आएका छन् । ठूला नेताहरूको सङ्गत पाएका र उनीहरूको कामकारबाई नियालेका नेता, कार्यकर्ताहरूले नयाँ कुरा गर्ने कल्पना कसरी गर्ने ? फलतः उनीहरू पनि प्रदेश र स्थानीय तह हाँक्ने क्रममा भागबन्डाको राजनीतिलाई नै मलजल गर्दै आएका छन् । जसले गर्दा कुनै पनि प्रदेश र स्थानीय तह विकृतिमुक्त छैन। भागबन्डाका कारण कतिपय स्थानीय तहका गाउँ/नगर सभा हुन सकेको छैन। गाउँ/नगरसभा भए पनि भागबन्डा नमिलेको कारण बजेट पारित भएको छैन । भर्खरै पर्सा जिल्लाको एउटा गाउँपालिकाले सबै जनप्रतिनिधिलाई एक/एक थान मोबाइल र जनही पाँच हजार नगद दिएर बजेट पारित गराएको छ। यो त बाहिर आएको प्रसङ्ग मात्र हो । बाहिर नआएका भागबन्डाका कतिपय प्रसङ्गले पालिकाहरूमा अहिले रडाको मचाएको छ ।**

**भागबन्डाकै कारण प्रदेश २ सरकार बहुमतमा चलिरहेको थियो भने अहिले दुईतिहाईमा चल्दैछ। यस अघि तत्कालीन राजपा र सङ्घीय समाजवादी फोरम नेपाल मिलेर प्रदेश २ मा सरकार बनेको थियो । पछि दुवै पार्टीबीच एकीकरण भएपछि जनता समाजवादी पार्टी बन्यो र प्रदेश सरकार झनै सुरक्षित भयो। हाल जनता समाजवादी पार्टी विभाजित भएर लोकतान्त्रिक समाजवादी पार्टी गठन भएको छ । केन्द्र सरकारमा नेपाली काङ्ग्रेस, नेकपा माओवादी केन्द्र र एकीकृत समाजवादी पार्टीबीच एकता भएर संयुक्त सरकार गठन भएको परिणामस्वरूप प्रदेश दुई सरकार झनै सुरक्षित भयो र मुख्यमन्त्रीले दुई तिहाइ मत पाउन [redacted] फलिपाप र कसैमाथि बज्रपात हुन**

# लोभीपापीको गोलचक्करमा फसेको राजनीति

स्वतन्त्र विचार



वैधनाथ ठाकुर
baidhnath2071@gmail.com

**यसरी प्याज वा बन्दा, काउलीको पातलाई जति नङ्ग्याए पनि अन्तमा पाउने के हो त ? यस्तो आवधिक निर्वाचनको गोलचक्करमा जनता फसेका छन्, यसबाट नेताहरू, नौकरशाहहरू तथा तस्कर माफियाहरू मोटाउनुबाहेक अरू केही होला भन्न ठान्नुभएछ भन्ने स्व राजा वीरेन्द्रले भन्ने गरेको पशुपतिनाथले सबैको कल्याण गरून्बाहेक अरू केही न होला ।**

नेपालमा कम्युनिस्ट विचारप्रतिको आकर्षण अझै पनि जनस्तरमा व्यापक रहेको छ भन्दा कुनै अन्यथा नहोला । संसारबाट कम्युनिस्टहरूप्रति जनताको समर्थन बढ्दै गइरहेको तथ्य विगतको स्थानीय तथा प्रादेशिक र सङ्घीय निर्वाचनको नतीजाले प्रस्ट देखाउँछ । फेरि यसको मतलब यो पनि होइन कि नेपालका कम्युनिस्ट पार्टीका नेताहरू साह्रै इमानदार, सदाचारी, त्यागी, जनताप्रति समर्पित, उच्च नैतिकवान् तथा उत्कृष्ट सेवाभाव भएका कारणले गर्दा जनताले मतदान गर्दा वाम राजनीतिलाई गरेको हो। खासगरी २०६३ साल पछाडि बनेका सरकारहरू जसको नेतृत्वमा कथित कम्युनिस्टहरू नै थिए । तिनीहरूको व्यवहारले जनमत आकर्षण भएको होइन । यो नै वास्ताविकता हो। यस्तोमा प्रश्न उठ्छ किन जनताले वामलाई अत्यधिक मतदान गरे त ?

वास्तवमा वामपन्थी वा कम्युनिस्ट जे जे नाम भने पनि उनीहरूको प्रतिस्पर्धा गर्न चुनावमा खडा भएका नेपाली काङ्ग्रेसलगायतका पार्टी वा नेतृत्वको विगतको नालायकीपूर्ण व्यवहारले गर्दा जनता क्षुब्ध भएर कम्युनिस्टहरूलाई मतदान गरेका हुन् । होइन भने भ्रष्टाचारको मामिला होस् (वाइडबडी काण्ड, ललिता निवास प्रकरण आदि) अथवा कुशासनको वा दक्षिणाको दरबारको चाकडी गर्ने मामिला होस् प्रत्येक सवालमा यी कथित कम्युनिस्टहरू काङ्ग्रेसी वा पञ्चभन्दा पनि निकै अगाडि रहेको तथ्य विगत बीस वर्षको राजनीतिक व्यवहारले उजागर गरिसकेको छ । एक शब्दमा भन्ने हो भने नेपाली राजनीतिमा रहेका सम्पूर्ण संसदीय पार्टी चाहे ती आफूलाई प्रजातन्त्रवादी भन्न रुचाउँछन्, चाहे गणतन्त्रवादी भन्न रुचाउँछन् सबका सब जनतालाई ठग्ने, राष्ट्रको ढुकुटी लुट्ने, भ्रष्टाचारलाई राज्यद्वारा नै संस्थागत गर्न लगाउने, नातावाद, कृपावाद, फरियावाद, विदेशी दलाल पूँजीवादीको दलाली गरी सत्ता जोगाउने वा सत्तामा उक्लिने जस्ता क्रियाकलाप गर्न नम्बर वन रहेका छन्।

बाहिरबाट हेर्दा रूपमा यी विभिन्न नामधारी पार्टीहरू फरक–फरक देखिएका छन्। तर सारमा यिनीहरूको क्रियाकलाप एउटै देखिन्छ । बेलाबखतमा भारतीय विस्तारवादको विरुद्ध यिनीहरू गर्जेको सुनिए तापनि ऐन मौकामा यिनीहरू सबै रुझेको बिरालो जस्तै दिल्ली दरबारको चारैतिर म्याउँम्याउँ गरेको हालसम्म देखिँदै आएको छ। जनताको आँखा छलेर राष्ट्रिय मर्यादाविपरीत भारतीय राजदूतावासमा छिर्ने, आफ्नो छोराछोरीलाई भारतमा निश्शुल्क पढ्न पठाउने, दृश्य अदृश्यरूपले भारतबाट लाभान्वित हुने कामकुराहरूमा बढी चासो राख्ने गरेको पाइन्छ ।

पर्सा जिल्लामा शुरूशुरूमा प्रशासक भई प्रमुख जिल्ला अधिकारीको आगमन हुँदा उनको व्यवहार निकै कडा, सुशासनप्रति प्रतिबद्ध जस्तो देखिने व्यवहारहरूले गर्दा सञ्चारमाध्यमहरूदेखि लिएर जनस्तरसम्म तिनको प्रशंसा हुने गरेको धेरैपटक देखियो। तर समयक्रम बित्दै गएपछि त्यही प्रशासकको व्यवहार तस्करमैत्री, कालोबजारीमैत्री अर्थात् जसरी पनि माल कमाएर माथिकालाई खुशी तुल्याउने खालको रहँदै आएको पटकपटक जिल्लावासीले अनुभव गरेकै हुन् ।

यतिबेला दशैं भित्रिसकेको छ । बजारमा गुणस्तरहीन सामान प्रशस्त छन्। कहींकतै दरभाउमा समानता छैन। पसल–पसलमा आआफ्नो भाउ छ । एउटा पसलेले अर्को पसलको माल नक्कली बताउँछ। बेचिन लागेको वस्तुमा मूल्यसमेत उल्लेख छैन । घण्टाघरदेखि आदर्शनगरसम्म पसलेहरूले वस्तुहरूमा कोड भाषा प्रयोग गरेर स्टीकर टाँस गरेको छ । उपभोक्ताले त्यसको मतलब बुझ्न सक्दैन। उसलाई पसलेको निगाहमा बलिको बोका जस्तै छोडिएको छ। तर बजार अनुगमनको जिम्मा लिएकाहरू आफ्नो कार्यालयमा जनशक्ति अभाव भन्दै मस्तसँग आराम गरिरहेका छन् । उपभोक्ता दिनहुँ ठगिएका छन् तर यसको जिम्मेवारी लिने कोही पनि छैन ।

भारतीय सामग्रीले पसल भरेको छ। प्रत्येक दिन तस्करीको बाटोबाट बजारमा सामान भित्रिँदैछ तर मानौं प्रशासनलाई तस्करी भइरहेको थाहा नै छैन जस्तो देखिन्छ। तस्करहरू दशैंको चार महीनापूर्व देखि नै लाइन खुलेको भनी खुशी मनाइरहेका छन् । जबकि उपभोक्ताहरू सीधा मारमा परेका छन्। एकातर्फ म्याद गुज्रेका मालसामान खरीद गर्न उपभोक्ता बाध्य छन् भने अर्कोतर्फ भारतीय दैनिक उपभोगका वस्तुहरू अत्यधिक चर्को मूल्य तिरेर किन्नु परि रहेको छ । पसलेहरू सीधा भन्ने गर्छन् प्रिन्ट दरमा सामान पाउँदैन, दुई नम्बर बाटोबाट मगाउँदा केरियर चार्ज अतिरिक्त दिनुपर्ने भएकोले प्रिन्ट दरभन्दा पनि डेढ गुणा बढी पैसा तिरेर किन्नु बाध्यता छन् ।

यतिबेला नेपालका असली प्रजातन्त्रवादी र गणतन्त्रवादीहरूको मिलिजुली सरकार छ तर यो सरकारले अझैसम्म पूर्णता पाउन सकेको छैन । आफ्नो दुई तिहाइको सरकार खसालेर निकै ठूलो महाभारत जितेझैं गरेर प्रतिपक्षीको नेतृत्वमा सरकार बनाउन पुगेका नेताहरू यतिबेला इच्छाएको मन्त्रालय नपाउँदा धोबीको गदहा घरको न घाटको जस्तै अवस्थामा पुगेको महसूस गर्दैछन् । कताकता उनीहरूलाई पनि लाग्दैछ चुनावमैं गएको भए बरु ठीक हुन्थ्यो कि ?

अरू कुराहरू जे जे भएपनि यति बेला पार्टीहरूसँग अब मुद्दा छैन। चुनावमा जनतालाई आकर्षित गर्ने योजना छैन । उनीहरू एकले अर्कोलाई पाँडे गाली गर्नुबाहेक केही पनि ठोस कुरा लिएर आगामी निर्वाचनमा जनताको बीचमा आउने अवस्था नै छैन । नेताहरूको भाषणको मुख्य विषय अहिले 'उसले केही गर्न सकेन, उ, भ्रष्ट हो, दलाल हो, तस्कर हो, भक्षक हो आदि । ऊ अपराधीको संरक्षक हो तर म सदाचारी हुँ, त्यागी हुँ, गर्ने भनेकै मैले मात्रै हो, त्यसैले मलाई र मेरो पार्टीलाई मतदान गर्नुहोला । अनिमात्र देश र जनताको कल्याण हुनेछ । होइन भने अब यो देश समाप्त हुन कुनै बेर लाग्नेछैन ... ।'

यसरी प्याज वा बन्दा, काउलीको पातलाई जति नङ्ग्याए पनि अन्तमा पाउने के हो त ? यस्तो आवधिक निर्वाचनको गोलचक्करमा जनता फसेका छन्, यसबाट नेताहरू, नौकरशाहहरू तथा तस्कर माफियाहरू मोटाउनुबाहेक अरू केही होला भन्न ठान्नुभएछ भन्ने स्व राजा वीरेन्द्रले भन्ने गरेको पशुपतिनाथले सबैको कल्याण गरून्बाहेक अरू केही न होला ।

# पर्यटनमन्त्री आले र शहरी विकासमन्त्री झाँक्रीद्वारा पदबहाली

काठमाडौं, २२ असोज/रासस

नवनियुक्त संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री प्रेमबहादुर आलेले पर्यटन क्षेत्रको दिगो विकासका लागि प्रभावकारीरूपमा योजना तथा कार्यक्रम अघि बढाउने बताएका छन् ।



संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री प्रेमबहादुर आले। तस्वीरः रासस

सिंहदरबारमा शुक्रवार पदबहाली गर्दै मन्त्री आलेले प्राकृतिक सुन्दरताले भरिपूर्ण नेपालको सम्पदा र संस्कृतिको जगेर्ना गर्दै पर्यटन प्रवर्द्धनमा जुट्ने बताए। पर्यटनमन्त्री आलेले नेपाललाई विश्वकै पर्यटनको आकर्षक गन्तव्यको रूपमा विकास गर्न खरोरूपमा उत्रनुपर्ने खाँचो औंल्याए ।

मन्त्रालय अन्तर्गत नेपाल प्रज्ञा प्रतिष्ठान, पशुपति क्षेत्र विकास कोष, लुम्बिनी विकास कोषलगायतलाई प्रभावकारी बनाइने तथा नेपाल पर्यटन बोर्ड र राष्ट्रिय ध्वजावाहक नेपाल वायु सेवा निगम (नेपाल एयरलाइन्स)लाई सुदृढ गरिने उनको भनाइ छ । आन्तरिक पर्यटन प्रवर्द्धनमा जोड दिइनुका साथै आन्तरिक र अन्तर्राष्ट्रिय विमानस्थललाई सुदृढ र प्रभावकारीरूपमा सञ्चालन गरिने मन्त्री आलेले विश्वास व्यक्त गरे ।

पर्यटनमन्त्री आलेले भैरहवामा निर्माणाधीन गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको यथाशीघ्र सञ्चालन गर्ने प्रतिबद्धता जनाए । उनले धनगढी विमानस्थललाई अन्तर्राष्ट्रिय विमानस्थलको रूपमा विकास गर्न आवश्यक प्रक्रिया अघि बढाइने पनि जानकारी दिए ।

पर्यटनमन्त्री आलेले नेपाल वायुसेवा निगमलाई सबल र प्रभावकारी बनाउने बताउँदै यसको सेवालाई जनमुखी बनाउन पहल गरिने बताए । आले वन तथा वातावरण मन्त्रीको जिम्मेवारी सम्हालिसकेका नवनियुक्त पर्यटनमन्त्री आले नेपाल कम्युनिस्ट पार्टी (एकीकृत समाजवादी)का नेता हुन् । उनी गत निर्वाचनमा डोटीबाट प्रत्यक्ष निर्वाचित सांसद हुन् ।

पर्यटन मन्त्रालयका सचिव यादवप्रसाद कोइरालाले मन्त्रालय र



मन्त्री रामकुमारी झाँक्री

अन्तर्गतका निकायको काम कारबाहीलाई प्रभावकारी र परिणाममुखी बनाउन मन्त्रीलाई सहयोग गर्ने प्रतिबद्धता जनाए। पदबहालीपछि आयोजित स्वागत कार्यक्रममा मन्त्रालय अन्तर्गतका निकायका प्रमुख तथा प्रतिनिधिको उपस्थिति थियो ।

यसैगरी, नवनियुक्त शहरी विकास मन्त्री रामकुमारी झाँक्रीले आज मन्त्रालय पुगी पद बहाली गरेकी छन् । पदबहालीपछि काठमाडौं उपत्यकामा निर्माण हुने चार शहरका विषयमा थप अध्ययन गर्न मन्त्रालयका सहसचिवको संयोजकत्वमा समिति गठन गर्ने निर्णयमा उनले हस्ताक्षर गरेकी थिइन् । कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री झाँक्रीले आवास, भवन र शहरी क्षेत्र विकासको कार्यक्रमलाई विस्तार गरिने प्रतिबद्धता जनाइन् ।

शहरलाई व्यवस्थितरूपमा विकास गर्न आवश्यक पूर्वाधार निर्माणका लागि नीतिगत काम गर्न सरोकार भएका सबै निकायसँग समन्वयात्मकरूपमा काम गर्ने लक्ष्य पनि उनले सुनाइन् । मन्त्रालयले अघि सारेका कार्यक्रमका विषयमा जानकारी गराउँदै सचिव डा रमेशप्रसाद सिंहले २०६९ जेठ ५ गते भौतिक योजना मन्त्रालयबाट शहरी विकास मन्त्रालय छुट्याएपछि भए गरेका कामका विषयमा मन्त्री झाँक्रीलाई जानकारी गराएका थिए। शहरी विकासलाई व्यवस्थितरूपमा अघि बढाउन नगरपालिकाहरूको सम्पर्क मन्त्रालयका रूपमा शहरी विकास मन्त्रालयलाई स्थापित गरिनुपर्ने उनको भनाइ थियो ।

मन्त्रालयका प्रवक्ता विष्णुप्रसाद शर्माले सुन्दर शहर, सुन्दर घर बनाउन मन्त्रालयको कार्यक्षेत्र विस्तार भएको बताए । सघन शहरी, नयाँ शहर योजनालगायत कार्यक्रम मन्त्रालयले अघि बढाएको उनले जानकारी दिए । शपथ ग्रहण र मन्त्रिपरिषद्को पहिलो बैठक सम्पन्न गरी आज मन्त्रालय प्रवेश गरेपछि मन्त्री झाँक्रीलाई सचिव सिंहलगायत उच्च पदस्थ कर्मचारीले पुष्पगुच्छा, खादासहित स्वागत गरेका थिए। अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियनको अध्यक्ष हुँदै पार्टी राजनीतिमा प्रवेश गरेकी मन्त्री झाँक्री निडर युवा राजनीतिज्ञका रूपमा स्थापित छिन् ।

[redacted] र्पेत रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# वाटिका

वर्ष-३५ २०७८ असोज २३ गते शनिवार 2021 October 09 Saturday



## दुई रुपैयाँको दशैं स्मृति


स्वान्तः सुखाय



सञ्जय मित्र

mitrasanjay41@gmail.com


**अन्तमा आठ आना (पचास पैसा)को मुर्ही र कचरी किनेर डेढ रुपैयाँ नगदै लिई घर फर्कें। अहिले छोराछोरी यही दुर्गामेला जानलाई पाँच सय रुपैयाभन्दा कमलाई पैसा नै गन्दैनन्।**

अहिलेभन्दा कमसेकम चालीस वर्ष पहिलेको कुरो हो यो। मैले घरबाट दशैंको दुर्गामेला हेर्नको लागि दुई रुपैयाँको नोट पाएको थिएँ। त्यही पूरा खर्च हुन सकेको थिएन।

अहिले सम्झन्छु त्यो दिन। दिनको सम्झना छ भन्नुको अर्थ वार वा गते वा साल सम्झना छ भन्ने होइन। साँच्चै भन्ने हो भने सम्झनलायकको म भइसकेको पनि थिइनँ।

त्यसभन्दा पहिले म कतै हाट जाँदा होओस्, कम्तीमा आमा वा बुबासित जान्थें। म सम्भवतः कक्षा दुईमा पढ्दाको कुरो हो यो। म गाउँका आफूभन्दा सबै ठूला उमेरकाहरूको पछि लागेर दुर्गामेला हेर्न गएको थिएँ। कक्षा दुईको कुरो भन्ने अनुमान गर्नुमा मेरो एउटा आधार के रहेको छ भने म कक्षा चारमा पुग्दा बुबाका एकजना साथीसित गएर आफूलाई मन पर्ने भैंसी किनेर ल्याएको थिएँ। भैंसी किनेको अठार सयमा हो भन्नेमा पनि मलाई कुनै शङ्का छैन। अठार सयको भैंसी किनेर ल्याउँदा गाउँमा त्यसले राम्रो चर्चा पाएको थियो। बुबाले पनि मलाई इङ्गित गर्दै भन्नुभएको थियो– यसैले किनेको छ, यसैले पाल्ला। नभन्दै कक्षा नौको परीक्षाको नतीजा आएको र मैले पास भएर कक्षा दशमा पुगेको समाचार नसुनाउँदासम्म भैंसीको असली मालिक म नै थिएँ। असली मालिक भन्नुको अर्थ यसको आर्थिक पाटो मैले हेर्थें भन्ने होइन कि भैंसी चराउने मूल जिम्मा मेरो थियो।



तस्वीरः फाइल

भैंसी किन्नुभन्दा करीब दुई वर्ष पहिले म गाउँका आफूभन्दा ठूलाहरूको साथमा दुर्गामेला हेर्न गएको थिएँ। त्यति बेला मेरो गाउँ पुर्नी गेडहीको नजीकमा दुर्गामेला लाग्ने भनेको पिपरा बजार, बिर्ता बजार र कर्कच भन्ने गाउँ हो। अलिक हुनेखानेहरू चाहिं पिपरा बजार पुग्दथे भने अन्य मानिसहरू जसलाई दुर्गामेला हेर्नुपर्ने हुन्थ्यो, तिनीहरू बिर्ता बजार वा कर्कच पुग्ने गर्दथे। दुर्गामेलामा कहाँ बढी आकर्षण छ र समूहमा जाँदा एक पन्थ दुई काज हुनेजस्तो मेला पनि हेर्न पाइने र आउँदा वा जाँदा कसैसित भेटघाट गर्नुपर्ने वा कसैलाई कुनै खबर गर्नुपर्ने हुनेले चाहिं त्यसै अनुसार योजना बनाएर समूह बनाइ जाने गर्दथे।

त्यत्ति बेला गौर–चन्द्रपुर सडक बनिसकेको थियो वा थिएन भन्ने सम्झना भएन। २०३४ मङ्सिर ३० मा सम्भवतः तत्कालीन राजारानीद्वारा यस सडकको शिलान्यास भएको हो। शिलान्यास भएको कति वर्षसम्म बनेन वा लगत्तै बन्यो, यो कुरा पनि सम्झना भएन। दुर्गामेला सम्भवतः २०३९ मा हेर्न गएको थिएँ, साथीहरूसित। अहिले जिल्लाको चर्चित बजारको रूपमा रहेको गरुडा बजार थियो कि थिएन वा शिवनगरको अवस्था कस्तो थियो भन्ने विषयमा धमिलो सम्झना पनि भएन तर शिवनगर मन्दिरअगाडि आइतवार तथा बुधवार हाट लाग्दथ्यो भन्ने कुरा मलाई राम्ररी सम्झना छ।

बालबालिकालाई मेला हेर्न जाने भनेपछि कति हुरुक्क हुन्छन्। म पनि अत्यन्तै उत्सुक थिएँ। विजयादशमीको दिन दुर्गामेला लाग्ने गर्दथ्यो। अहिलेको जस्तो मेलाको धूमधाम दुई/चार दिन पहिलेदेखि र एक/दुई दिनपछिसम्म हुँदैनथ्यो। अन्य मेला हुने गरेको भएपनि दुर्गामेला मुख्य गरी एकै दिनको हुन्थ्यो अथवा मेला लागेको गाउँका मानिसका लागि थप दिन पनि हुन्थ्यो होला तर मेरो गाउँको नजीक मेला नलाग्ने भएको हुनाले हाम्रोलागि एक दिनकै मेला हुने गर्दथ्यो।

विजयादशमीको दिन बिहानैदेखि गाउँको इनारमा खूब भीडभाड हुने गर्दथ्यो। एउटा इनार पक्की भइसकेको थियो। त्यसमा गाउँभरका मानिस आफ्नो लुगा धुन आउँथे। मेलाको दिन त नुहाउन र कपडा धुनेको भीड नै हुने गर्दथ्यो। त्यस दिन मेरो घरको सबैभन्दा नजीक रहेको इनारमा गएर नुहाएँ। मेला जो हेर्न जानु थियो। मेलाको तैयारी गर्न थालें। केहीबेरमा गाउँका एकजना पण्डितजी आएर जन्त्री (जमरा) कानमा लगाइदिए। त्यसैबाट अलिकति जमरा मेरो टुपीमा बाँधिदिए। मेरो पढाइ अलिकति राम्रो थियो। अझ राम्रो पढ्ने आशिष् दिए। राम्रो पढ्ने आशिष्ले मेरो हर्ष झन् बढ्यो। आशीर्वादमाथि कति धेरै विश्वास थियो भन्ने कुरा अहिले म सम्झन्छु। धेरै मानिसले चाहिं मलाई यो आशीर्वाद दिनू भन्दथे। घरका सबैको लागि जन्त्री राखेपछि आमाले नाङ्लोमा चामल, तरकारी, दाल र नून पण्डिजीलाई दिनुभयो।

कपालमा करु तेल (तोरीको तेल) हालेर घटीमा आधा घण्टा मैले कपाल कोरेको थिएँ। सानो ऐनाअगाडि उभिएर घरी दायाँबाट बायाँ र घरी यसको विपरीत। कहिले कुखुराको जस्तो जुरो बनाउँथें त घरी सिनित्तै पछाडि फर्काउँथें। मैले आफैंले कोरेको कुनै पनि डिजाइन मलाई चित्त बुझ्दैनथ्यो। अनि अर्को डिजाइनले फेरि कोर्दथें। आमाले जस्तो गरी कोरे पनि चिन्नेले मात्र चिन्ने हो, नचिन्नेले जसरी कोरे पनि चिन्दैन। कपाल मिलेको हुनुपर्छ, त्यत्ति त हो भनेपछि मैले पुरानै डिजाइनले कपाल कोरी दुर्गामेलाको लागि तयार भएको थिएँ।

मेलाको लागि निस्कनुभन्दा पहिले आमाले एकजना छिमेकीलाई भन्नुभएको थियो– अलिकति विचार गरिदिनुहोला, मेलामा नहराओस्। सानो छ, बढी चकचक गर्ला र यताउति जाला।

त्यसभन्दा पहिले मेरो हातमा दुई रुपैयाँको नोट थमाइदिनुभएको थियो। दुई रुपैयाँको त्यो नोटमा राजा वीरेन्द्रको अनुहार थियो। झन्डै हरियो रङ्गको त्यो दुई रुपैयाँको नोट न धेरै नयाँ थियो र न त धेरै पुरानो नै। मैले बडो जतनका साथ हरियो रङ्गको सुतीको सर्टको खल्तीमा त्यो दुई रुपैयाँको नोट राखेको थिएँ। त्यो दुई रुपैयाँको नोटले मेरो शरीरको तौल हलुको बनाएको थियो। सम्भवतः मैले अपेक्षा गरेकोभन्दा बढी पाएको थिएँ।

गाउँबाट बाहिर निस्कँदा सूर्य पश्चिमतिर ढल्किइसकेको थिएन। ठीक टाउकोमाथि थियो। पैदल हिंडेर जानुपर्ने। गाउँमा कोही कोहीकहाँ साइकल थियो। त्यस बेला टायरगाडा आइसकेको थिएन। बैलगाडा थियो। बैलगाडाको चक्का पूरै काठकै बनेको हुन्थ्यो। सबैकहाँ हुँदैनथ्यो। हाम्रो यात्रा पैदल थियो। हामी कर्कचको लागि निस्केका थियौं। खल्तीमा रहेको त्यो दुई रुपैयाँको नोट बडो आरामले बसेको थियो। घरी देब्रे हातले छाम्थें, घरी दायाँ हातले छाम्थें। हिंड्दाहिंड्दै खल्तीमा आँखा पुगिहाल्थ्यो। नोट सुरक्षित थियो। मसँगै मेरो खल्तीमा हिंडिरहेको थियो।

गेडहीबाट शिवनगर बजार आयो, पोठियाही आयो। धरहरी पनि कट्यो। गोनाही आयो। मैले त्यति बेलासम्म पोठियाही र धरहरीको नाम सुनेको थिएँ। धरहरीमा ठूलो विद्यालय छ भन्नेसम्म थाहा थियो। गोनाहीको नामै सुनेको थिइनँ। गोनाही कटेपछि अलिकति फेरि बढी हिंड्नुपऱ्यो। गोनाहीबाटै मेला हेर्न जानेहरूको लस्कर देखिन्थ्यो। गोनाही कटेपछि मेलाको आवाज पनि सुनिन थालेको थियो। एउटा माइकको ठूलो स्वर थियो। अब मेला नजीकिंदै थियो।

मेलामा पुगेर सबैभन्दा पहिले दर्शन गऱ्यौं दुर्गा भगवतीको। दर्शन गर्दा पाँच पैसादेखि पच्चीस पैसासम्म भगवतीको चरणमा अर्पण गरें तर मसित खुद्रा थिएन। दुई रुपैयाँको नोटमा बारम्बार मन गइरह्यो तर साना बच्चाले देवीको दर्शन गर्दा केही पनि नचढाउँदा हुन्छ भन्ने कुरो बुझेपछि मन ढुक्क भयो। त्यहाँ नाच भइरहेको थियो। केको नाच थियो, त्यो भन्न गाऱ्हो छ तर सबैजनाले खूब रमाइलो मानेर नाच हेरे। मैले पनि रमाइलो नै मानेको हुँला तर किन रमाइलो माने हुँला भन्ने कुरा अहिले कसरी थाहा हुन्छ।

कसैले जिलेबी किने। कसैले अरू मिठाइहरू किने। मुर्ही र कचरीसँग सेबई त मेलाको असली सनेस नै थियो। जस कसैले किन्दा पनि अलिकति मलाई दिइहाल्थे। म सबैभन्दा सानो जो थिएँ। मेलाबाट निस्कने बेला हुन थाल्यो मैले केही किनिनँ। पछि हेर्छु त खल्तीमा त्यो दुई रुपैयाको नोट नै थिएन। आत्तिएँ, खोजें। सबैलाई भनें पनि। धेरै बेरपछि आफ्नै मुठीमा रहेको देखें। अघि नै मूर्तिको दर्शन गर्ने बेलामा झिकेको र अहिलेसम्म मुठीमैं राखेको थिएँ।

अन्तमा आठ आना (पचास पैसा)को मुर्ही र कचरी किनेर डेढ रुपैयाँ नगदै लिई घर फर्कें। अहिले छोराछोरी यही दुर्गामेला जानलाई पाँच सय रुपैयाभन्दा कमलाई पैसा नै गन्दैनन्।

■■■

## अहिलेकी बुहारीको दशहरा र मेलापात


सरोकार



राजेश मिश्र

rajesh560107@gmail.com


**उहिलेका बुहारीहरू मेलापात कसरी जान्थे ? उहिलेको परिस्थिति कस्तो थियो ? आफ्नो रुचि र आवश्यकताका सामान खरीद गर्न पनि किन गाऱ्हो थियो ? आदि कुरा आजको पुस्ताले जान्नु जरुरी छ।**

बिहीवारदेखि प्रारम्भ भएको दशहराको आज शनिवार तेस्रो दिन हो। अर्थात् आज चन्द्रघण्टा माताको आराधनाको दिन हो। दशहरा शुरू भएसँगै शक्तिपीठहरूमा भक्तजनको भीड बढ्दो छ। शङ्खघण्टको नाद तथा धुप र दीपको सुगन्धले चारैतिर मन्त्रमुग्ध वातावरण सिर्जना भएको छ। हर्षोल्लास छाएको छ। गत वर्ष कोरोना महामारीको कारण दशहरामा माता भगवतीको पूजा



राधेमाई मन्दिर, वीरगंज



विन्ध्यवासिनीमाई, पर्सा



भवानीमाई मन्दिर, विरञ्चिबर्वा, पर्सा

घरमा नै सीमित रह्यो। मन्दिरलगायत सार्वजनिक स्थानमा हुने पूजापाठ तथा मेला प्रभावित रह्यो। गत वर्षभन्दा यस वर्ष परिस्थिति सुधारोन्मुख छ। यद्यपि सतर्कता आज पनि उत्तिकै अपरिहार्य छ। मेलामा बढी भीडभाड हुने भएकाले कोरोनाको प्रसार हुन सक्ने सम्भावनालाई हेलचेक्र्याइँ गर्नु घातक हुन सक्छ। त्यसैले मास्क लगाउनुका साथै सुरक्षाका अन्य उपायप्रति स्वयम् सचेत हुनु नितान्त आवश्यक छ।

सस्तो, ताजा र कुरुमकुरुम जिलेबी पाइने भनेकै दशहरा मेलामा हो। घटस्थापनादेखि वीरगंजको माईस्थान, बिर्ता, गीतामन्दिर, घण्टाघर, रानीघाट, श्रीपुर, राधेमाईलगायतका स्थानहरूमा बिहानदेखि नै सस्तो र ताजा जिलेबी खानेहरूको भीड देख्न सकिन्छ। ग्रामीण क्षेत्रका मेलापातमा पनि चहलपहल उत्तिकै बढेको छ। दूरदराजबाट आउने व्यवसायीहरू सप्तमी र अष्टमीको दिन वीरगंज, नवमी र दशमीको दिन विन्ध्यवासिनी तथा अन्तमा विरञ्चिबर्वा र पोखरियामा पसल लिएर पुग्छन्। एक हप्ताको परिश्रमले थोरै भएपनि उनीहरूका लागि सन्तुष्टिपूर्ण आम्दानी हुन्छ। मेलामा सबै उमेर समूहका महिला, पुरुष तथा बालबालिकाहरूको घुइँचो बढ्न थालेको छ।

शिक्षा, संसाधन, अर्थ, यातायात आदि आजको जस्तो उहिले थिएन। यद्यपि उहिले जे जस्तो परिस्थिति थियो, त्यो नै पर्याप्त र सन्तोषजनक थियो। हिजो र आजको समयको तुलना गर्न मिल्दैन। समय र परिस्थिति परिवर्तनशील छ र समयसँगै परिवर्तन भइरहन्छ। उहिले कनिया (बुहारी)हरूका लागि मेलापात जानु सपना जस्तै थियो। यद्यपि अपवादबाहेक आजको बदलिंदो समयमा कुनै पनि पक्षबाट मन्दिर तथा मेलापात जान बुहारीहरूलाई रोकावट छैन। समयको गतिसँगै कनियाहरूको घुम्टो छोटो तथा स्वतन्त्रताको दायरा फराकिलो हुँदै गइरहेको छ।

उहिलेका बुहारीहरू मेलापात कसरी जान्थे ? उहिलेको परिस्थिति कस्तो थियो ? आफ्नो रुचि र आवश्यकताका सामान खरीद गर्न पनि किन गाऱ्हो थियो ? आदि कुरा आजको पुस्ताले जान्नु जरुरी छ। आजको यस आलेखमा विरञ्चिबर्वाको ऐतिहासिक मेला, उहिलेका कनियाहरूको भावना तथा कथा आदि समेटिएको छ।

### विरञ्चिबर्वाको मेला

पर्साको विरञ्चिबर्वाको मेला ऐतिहासिक हो। यहाँ सदियौंदेखि दशहरामा माता भगवतीको प्रतिमा बनाउने, पूजापाठ गर्ने तथा प्रतिमा विसर्जन गर्ने क्रम अहिलेसम्म अटुट छ। प्रत्येक वर्ष 'धोबिन चिरइ' (धोबिन चरा) उडाउने यस मेलाको प्रमुख विशेषता हो। यद्यपि झन्डै एक दशकदेखि धोबिन चरा पाउन त के देखा पर्नु नै मुश्किल छ। त्यसैले नियम पूरा गर्नको लागि केही वर्षदेखि परेवा उडाउने गरिएको छ। उहिले जतातत्तै पाइने, देखिने धोबिन चरा आज प्रायः विलुप्त छ। लोकमान्यता अनुसार धोबिन चराको दर्शन अति शुभ मानिन्छ। ग्रामीण क्षेत्रका मानिसहरू टाढाको जुनसुकै मेलापात गए पनि विरञ्चिबर्वाको मेला नगए सन्तुष्टि मिल्दैन। झन्डै अढाई दशकदेखि पोखरियामा पनि प्रतिमा बनाइ देवी भगवतीको पूजापाठ तथा मेला लाग्दै आइरहेको छ।

### गोधूलिपछि कनियाहरूको मेला

उहिले अपवादबाहेक घरका कनिया (बुहारी)हरूका लागि मेलाको उत्सव घुम्टोमा सीमित थियो। मेलापातमा जान ठूलाबडाको अनुमतिविना सम्भव थिएन। अनुमति पाइहाले पनि घरबाहिरको अवस्थासँग अपरिचित रहेकाले एक्लै जानु असम्भव थियो। त्यसैले आफ्नै गाउँठाउँ वा आसपासका मेलापात जानुपर्दा सासू वा नन्दको सानिध्य आवश्यक थियो। लोकलाजको मनोविज्ञान यतिसम्म हाबी थियो कि मेला त परै जाओस्, पतिसँग अस्पताल जानु पनि कनियाहरूको लागि अत्यन्तै दुर्लभ अवस्था थियो। माइती जस्तै स्वतन्त्रता पतिको घर (ससुराल)मा पाइँदैनथियो। बिहेको बेला घुम्टो ओडेरआएकी बुहारीलाई माइतीदेखि ससुराल कुन दिशामा छ भन्ने थाहा हुँदैनथियो। बुहारी भइसकेपछि घुम्टोसँगै अनुशासन, आदेश, मर्यादा, लोकलाज जस्ता सामाजिक परिबन्ध आवश्यक मानिन्थ्यो। निजी इच्छा र आकाङ्क्षा मनभित्र दबाउनुको विकल्प थिएन। यद्यपि कसैले सोधेमा म पनि मेला भर्न जान्थें भन्ने मनमा हुटहुटी नहुने कुरै थिएन। यदि मेला गाउँमा लागेको छ भने सामान्यतया बुहारीहरू गोधूलिपछि जान पाउँथे। दूरदराजको मेला अपवादबाहेक असम्भव प्रायः थियो।

### कनियाको कथा

दशैंको अवसरमा प्रत्येक वर्षझैं यस वर्ष पनि गाउँमा मेला लागेको छ। लाउडस्पीकरको ध्वनिलगायत मेलाको कोलाहल घरसम्म पुगिरहेको थियो। अँध्यारो हुन थालेपछि टाढाका मानिसहरू मेलाबाट प्रस्थान गरिरहेका थिए। मेलामा भीड कम भएपछि अहिले महिलाहरूको आगमन शुरू भइसकेको छ। देवीस्थान तथा पसलहरूमा बिस्तारै भीड बढ्न थालेको छ।

आज कनिया (बुहारी) निकै खुशी र उत्साहित थिइन्। किनभने सासूआमाले आज राति मेला भर्न जाने अनुमति दिइसकेकी छन्। खुशीले गद्गद् कनियाको पाउ जमीनमा छैन। साँझको सात नबज्दै खाना पकाइसकेकी छन्। बुहारीबाहेक घरका प्रायः सदस्य खाना खाएर पुनः मेलातर्फ गइसकेका छन्। बुहारीले मेलाबाट फर्केर आएपछि खाना खाने भन्दै थालमा पस्केर दौरीले छोपिदिइन्। भाँडा माजिसकेपछि सरसफाइको कार्य उत्साहित मनले फटाफट गरिरहेकी थिइन्। सोही बखत नन्दको आवाज आयो।

नन्द : हो, भौजी मेला देखे ना चलबु का ? बगलवाली दुनु घरके काकी लोग आपन पतोह के लेके दुवार पर खडा बाटे लोग। चल्बु त चल जल्दी। (ओई भाउजू, मेला भर्न जाने होइन ? छिमेकी दुईटै घरका काकीहरू आआफ्नो बुहारीलाई लिएर घरअगाडि उभिरहनुभएको छ। जाने हो भने जाउँ छिटो।)

बुहारी : धीरे से बोलिना बबी, बाबुजी सुनेम त कहेम जे मेला देखे जातिया। खिसियाए नु लागेम (सानो स्वरमा बोल्नु न नानी। बुबा हजुरले सुन्नुभयो भने भन्नुहुन्छ कि मेला भर्न गइरहेकी छे। रिसाउनु होला नि।)

(बाँकी चौथो पातामा)

# द्रोण पर्व–४८



महाभारतबाट सङ्कलन तथा अनुवाद

**उमाशङ्कर द्विवेदी**

महाबाहु सात्यकिको मारबाट भयभीत भएर भागेका कौरवसेनामा कसैको पनि साहस उनको सामु टिक्न सक्ने देखिएन। यो हेरेर द्रोणाचार्यलाई बडो क्रोध भयो तथा उनी स्वयम् नै उनीमाथि जाइलागे।

यता शलले द्रौपदीका पुत्रहरूमध्ये प्रत्येकलाई पहिला पाँच/पाँच वटा अनि फेरि सात/सात वटा बाण हानेर घाइते पारिदिए। यसबाट उनीहरूलाई अत्यन्त नै पीडा भयो तथा अचम्भित भई आफ्नो कर्तव्यको विषयमा केही पनि निश्चय गर्न सकेनन्। यतिकैमा नकुलका पुत्र शतानीकले दुईटा बाण हानी शललाई घाइते पारेर बडो भारी गर्जना गरे। यसै प्रकार अन्य द्रौपदी कुमारहरूले पनि तीन/तीन वटा बाण हानेर शललाई घाइते पारिदिए। अनि शलले उनीहरूमध्ये प्रत्येकलाई पाँच/पाँच वटा बाण हानेर अझ एक/एक वटा बाण उनीहरूको छाती ताकेर हाने। अनि अर्जुनका पुत्रले चारवटा बाण हानेर उनको घोडालाई मारिदिए, भीमसेनका पुत्रले उनको धनुषलाई काटेर बडो जोडले गर्जना गरे। युधिष्ठिर कुमारले उनको ध्वजा काटेर खसालिदिए, नकुलका पुत्रले सारथिलाई रथबाट तल लडाइदिए तथा सहदेव कुमारले एउटा तीखो बाण हानेर उनको टाउको काटेर खसालिदिए। उनको शिर काटिएको हेरेर तपाईंका सैनिकहरू भयभीत भई यताउति भाग्न थाले।

एकातिर महाबली भीमसेनको साथमा राक्षस अलम्बुसको युद्ध भइरहेको थियो। भीमसेनले नौवटा बाण हानेर राक्षसलाई घाइते पारिदिए। अनि त्यो भयानक राक्षस भीषण गर्जना गर्दै भीमसेनतिर दौडियो। राक्षसले भीमसेनलाई पाँचवटा बाण हानेर उनको सेनाको तीन सयजना रथीको संहार गरिदियो। फेरि चार सय जति अन्य वीरलाई पनि मारेर एक बाणले भीमसेनलाई पनि घाइते पारिदियो। त्यस बाणबाट भीमसेनलाई गहिरो चोट लाग्यो र उनी ढलमलिंदै अचेत भएर रथभित्र नै लडिहाले। केहीबेरपछि उनको चेत खुल्दा उनी आफ्नो भयङ्कर धनुष तानेर चारैतिरबाट राक्षस अलम्बुसलाई व्यथित पार्न थाले। यतिबेला त्यस राक्षसलाई आफ्नो भाइ बकलाई भीमसेनले नै मारेको सम्झना भयो। अतः उसले भयानक रूप धारण गरेर भीमसेनसित भन्यो– "दुष्ट भीम, तिमी जुन बेला मेरो महाबली भाइ बकलाई मारेका थियौ, त्यति बेला म त्यहाँ थिइनँ, आज तिमीले त्यसको फल चाख।" यति भनेर ऊ त्यहाँबाट अन्तर्ध्यान भयो तथा भीमसेनमाथि भयङ्कर बाण वर्षा गर्न थाल्यो। भीमसेनले पनि सम्पूर्ण आकाशलाई बाणबाट व्याप्त गरिदिए। त्यसबाट पीडित भएर त्यो



राक्षस आफ्नो रथमा आएर बस्यो अनि पृथ्वीमाथि ओर्लेर सानो रूप धारण गरी आकाशमा उडेर विलुप्त भयो। ऊ क्षण–क्षणमा तल–माथि, अणु–बृहत् तथा स्थूल–सूक्ष्म रूप धारण गरेर मेघको समान गर्जना गर्न थाल्दथ्यो। ऊ आकाशमाथि चढेर शक्ति, कणप, प्रास, शूल, पट्टिश, तोमर, शतघ्नी, परिघ, भिन्दिपाल, परशु, शिला, खड्ग, गुड, ऋष्टि र बज्र आदि अनेकौं अस्त्रशस्त्रको वर्षा गर्‍यो। ती अस्त्रशस्त्रबाट भीमसेनका अनेकौं सैनिक नष्ट हुन पुगे। अनि भीमसेन कुपित भएर विश्वकर्मास्त्रको प्रहार गरे। त्यसबाट चारैतिरबाट अनेकौं बाण प्रकट भए। त्यसबाट पीडित भएर तपाईंको सैनिकमा भागदौड मच्चियो। त्यस अस्त्रले राक्षसी मायालाई नष्ट पारेर त्यस राक्षसलाई पनि बडो पीडा पुर्‍यायो। यस प्रकार भीमसेनबाट पीडित भएर ऊ भागेर द्रोणाचार्यको सेनामा गयो। त्यस महाबली राक्षसलाई जितेर पाण्डवहरू सिंहनाद गरेर सम्पूर्ण दिशालाई गुञ्जायमान गर्न थाले।

अब हिडिम्बाकी पुत्र घटोत्कचले अलम्बुस राक्षसको सामु आएर उसलाई तीखो बाणहरूबाट व्यथित पार्न थाले। यसबाट अलम्बुसको क्रोध झनै बढेर आयो र उसले घटोत्कचमाथि भीषण चोट गर्‍यो। यस प्रकार ती दुवै राक्षसको बीचमा भीषण युद्ध हुन थाल्यो। घटोत्कचले अलम्बुसको छाती ताकेर बीसवटा बाण हानेर बारम्बार सिंहझैं गर्जना गर्न थाले तथा अलम्बुसले रणकर्कश घटोत्कचलाई घाइते पारेर आफ्नो सिंहनादले आकाशलाई गुञ्जायमान पारिदियो। दुईटैले सयकडौं मायाजाल गरी एकअर्कालाई मोहित पार्न थाले। मायायुद्धमा खप्पिस भएको कारणले अब उनीहरूले त्यसैको आश्रय लिए। त्यस युद्धमा घटोत्कचले जति मायाको प्रदर्शन गरे पनि अलम्बुसले ती जम्मैलाई नष्ट पारिदियो। यसबाट भीमसेन आदि कैंयन महारथीको क्रोध झन् बढेर आयो तथा उनीहरू पनि अलम्बुसमाथि जाइलागे।

अलम्बुसले आफ्नो बज्रको समान प्रचण्ड धनुष तानेर भीमसेनमाथि पच्चीसवटा, घटोत्कचमाथि पाँचवटा, युधिष्ठिरमाथि तीनवटा, सहदेवमाथि सातवटा, नकुलमाथि त्रिहत्तरीवटा र द्रौपदीपुत्रहरूमाथि पाँच/पाँच वटा बाण हानेर बडो भीषण सिंहनाद गर्‍यो। जवाफमा भीमसेनले नौवटा, सहदेवले पाँचवटा, युधिष्ठिरले सयवटा, नकुलले चौसट्ठीवटा र द्रौपदीपुत्रहरूले पाँच/पाँच वटा बाण उसमाथि हानेर उसलाई व्यथित पारे। घटोत्कचले उसमाथि पचासवटा बाण हानी फेरि सत्तरीवटा बाण हानेर भीषण गर्जना गरे। त्यस भीषण सिंहनादबाट पर्वत, वन, वृष र जलाशयसहित सम्पूर्ण डगमगाउन थाले। अनि अलम्बुसले प्रत्येक वीरमाथि पाँच/पाँच वटा बाण प्रहार गर्‍यो। यसबाट घटोत्कच र पाण्डववीरहरू अत्यन्त उत्तेजित भई उसमाथि चारैतिरबाट तीखो–तीखो बाण वर्षा गर्न थाले। विजयी पाण्डवहरूको मारबाट व्यथित भएर त्यो राक्षस किंकर्तव्यविमूढ हुन पुग्यो। उसको यस्तो स्थिति हेरेर युद्धदुर्मद घटोत्कचले उसको वध गर्ने विचार गरे। उनी आफ्नो रथबाट हाम्फालेर अलम्बुसको रथमा गई उसलाई अठ्याए। अनि हातमा उचालेर चारैतिर फनफनी नचाउँदै पृथ्वीमाथि थचारिदिए। यो हेरेर तपाईंका सम्पूर्ण सेना अत्यन्त भयभीत हुन पुग्यो। वीर घटोत्कचको प्रहारबाट अलम्बुसका जम्मै अङ्ग भाँच्चियो तथा उसको हाड चूर्ण भयो। यस प्रकार महाबली अलम्बुसलाई मरेको हेरेर पाण्डवहरूले हर्षातिरेकमा सिंहनाद गर्न थाले तथा तपाईंको सेनामा हाहाकार मच्चियो। क्रमशः...

# सरकारी नौटङ्की



**कुरोको चुरो**

**मुकुन्द आचार्य**

उहिलेका कुरा खुइलिए भन्ने चलन छ। उहिले हामी केटाकेटी छँदा गाउँशहरमा रामलीला, झुलन, नाटक, नौटङ्की, थरीथरीका नाँच आदि नै सार्वजनिक मनोरञ्जनका साधन थिए। यी सबैमा सर्कस पनि एक बलियो साधन थियो। हेर्दाहेर्दै ती सबै कता हराए कता सपना सरि !

निराश नहुनुस् अचेत त सरकार भनिने सङ्घसंस्थाले प्रतिदिन निश्शुल्क (फ्री) सारा जनतालाई नौटङ्की देखाइरहेको अवस्था छ। हामी कति भाग्यमानी छौं, दिनरात नौटङ्की हेर्न पाउँछौं। त्यो पनि फ्रीमा। शतप्रतिशत फ्रीमा।

त्यो त निश्शुल्क पाइयो। यसरी निश्शुल्क नाटक नौटङ्की देखाउने सरकार हाम्रो देशमा मात्र हुन्छन् भन्ने कुरो छैन। संसारका सारा गरीब, पछौटे देशमा यस्तै नौटङ्कीबाज सरकार हुन्छन्। आआफ्नो देशमा ती सरकारले निरन्तर आफ्नै पारामा रङ्गमञ्च चलाइरहेका हुन्छन। जनता पनि मजाले हेरिरहन्छ। हाँस्छन्, ताली बजाउँछन्। मक्ख पर्छन्।

दशैं आइसक्यो बेपारीहरूले आवश्यक वस्तुको भाउ बढाएर दशैं मनाइसके। सरकारले प्रतिवर्ष भन्छ– हामी बजार भाउ नियन्त्रण गर्ने काम गर्दैछौं। दुई/चार जना बेपारीलाई समातेर जरिवाना पनि गरिसक्यौं। हामी बजार भाउ जथाभावी बढाउन दिंदैनौं। तर ... !

बजारमा जानुस् प्रत्येक वस्तुको भाउ बढेकै हुन्छ। यी बेपारीहरू चाडबाडको लागि राहुकेतु नामक ग्रह हुन्। जति खर्च गरे पनि मूडलाई नियन्त्रण गर्न खोजे पनि महँगी त बढ्छ। कसैले रोक्न सक्दैन, बजार भाउलाई। मृत्युलाई कसैले रोक्न सक्दैन, बजार भाउलाई पनि कसैले रोक्न सक्दैन।

लौ भन्नुस् त यो सरकारी घटिया झुर नौटङ्की हो कि हैन। हरेक चाडबाडमा यस्तै हुन्छ। हामी नौटङ्की हेर्छौं, हेरिरहन्छौं, हेरिरहन्छौं !

चाडबाड आउना साथ ट्राफिक प्रहरीहरू अकस्मात् कर्तव्यनिष्ठ भइदिन्छन्। सद्दे गाडीलाई पनि अनेक त्रुटिपूर्ण अवस्थामा देखाएर चाडबाड खर्च उपर असुल गर्छन्। हुनत यो स्वाभाविकै हो। बिचरा दिनरात सडकमा उभिएर आफ्नो कर्तव्य पूरा गर्छन्। चाडबाड यिनको घरमा पनि मनाइन्छ। रमाइलोलाई 'बुस्ट अप' गर्ने मालपानीको इन्धन त चाहियो नि। नौटङ्की !

कुनै पनि अन्तर्वार्तामा नौटङ्की राम्रो गरिन्छ। सबै सिटमा सोर्सफोर्सका आधारमा पहिले नै बाँटफाँट भइसकेको हुन्छ। अन्त वार्ता गरे जस्तो गरिन्छ, प्रश्नहरू सोधिन्छ, अन्य अभिनय पनि राम्रै गरिन्छ– यो कम्ता रमाइलो नाटक होइन। हाम्रो सारा जीवनलाई नौटङ्कीमय बनाइएको छ। फ्रीमा नौटङ्की हेरौं, चाडबाड मनाऔं।

जीवनरक्षक भनिने डाक्टरहरू जीवनभक्षक बनेर लुटिरहेका छन्। थरीथरीका टेस्ट, औषधि, सर्जरी गर्न लगाएर रोगीलाई जिउँदै मार्ने यमराज बनेका छन्, हाम्रा डाक्टरसाबहरू। उपचारको शुल्क तिर्न नसकी रोगीको लाश छाडेर आफन्त भाग्छन्। कसरी जीवनरक्षक भन्ने यस्तालाई ?

साधारण नेपालीले छोराछोरीलाई कसरी पढाउने ? महँगो शुल्क, महँगा पुस्तक, ड्रेस, यातायात खर्च अन्य अदृश्य शुल्क–यी सबैको मार गरीब नेपालीले कसरी र कहिलेसम्म सहने ? यस्तो भयानक रसको नाटकको अन्त कहिले हुने ? कुनै पनि कार्यालयमा जानुस् र नौटङ्की हेर्नुस्। तपाईं छक्क पर्नुहुन्छ, मक्ख पर्नुहुन्छ। जीवन नौटङ्की नै हो। सरकारले जे भन्छ त्यो गर्दैन, जे गर्छ त्यो भन्दैन। अब योभन्दा ठूलो नौटङ्की के नै हुन सक्छ ?

# लभ इन वीरगंज



धारावाहिक नाटक

**समीर पाखिन**

समय : अपराह्न। स्थान : माईस्थान चोक।

अङ्कित र उषाको माईस्थान चोकनेर जम्काभेट हुन्छ। अङ्कितलाई देखेर उषा एकाएक आक्रामक बन्छे।

उषा : अङ्कित ? तिमीले मेरो फोन किन काटेको भन त ?

अङ्कित : म अन्तर्वार्ताको लागि तयारी गरिरहेको थिएँ। यसैले उठाउन बिर्सेछु।

उषा : नभएको कुरा न गर है। पक्कै तिमी कसैसित डेटमा थियौ होला। नत्र तिमीले मेरो फोन उठाउने थियौ। भन कोसित थियौ ? म त्यसको जगल्टा छरिदिन्छु।

अङ्कित : (पल्याक्कपुलुक्क हेरेर) उषा, तिमीले के रमिता देखाउन खोजेकी ? म आजभोलि नोकरीको खोजीमा छु। यसैले दिउँसो घरै बसेर अन्तर्वार्ताका लागि तयारी गर्दैछु। शायद यसैले होला मैले तिम्रो कल आएको थाहा पाइनँ। आइसक्रिम खाने ?

उषा : निकै ! आइसक्रिम खुवाएर मलाई 'कुल डाउन' गराउन खोजेको होला नि। एनी वे, शनिवार सुषमा र मनीषा उनीहरूको ब्वायफ्रेन्डसित हेटौंडा शहीद स्मारक जाने अरे। मलाई पनि अङ्कितलाई लिएर हिंड् भन्दैछन्। जाने हो ?

अङ्कित : के मा जाने अरे ?

उषा : केमा जाने ? परैहरू सरररर बाइकमा जान्छन् नि। बरु तिमी पनि एउटा बाइक खोज। हामी पनि जाऔं। मलाई पनि तिमीसित बाइकमा लङ ड्राइभमा जान साह्रै रहर लागेको छ। एउटा बाइक खोज न ल।

अङ्कित : अब म बाइक कहाँ खोजौं ?

उषा : त्यतिका साथीहरू छन्। कसै न कसैले त दिइहाल्छ नि। म्यानेज गर है।

दुवैजना हिमाञ्चल केबिनमा बसेर आइसक्रिम खाँदैछन्। अङ्कित अब बाइक कससित माग्ने भन्ने समस्याले घोत्लिएको छ।

उषा : के भो ? अहिलेबाटै कल्पनामा डुबुल्की मार्न थाल्यौ कि क्या हो ? ल अब उठौं। (बाहिर आएपछि) ल अङ्कित म रिक्शा समातेर जान्छु। बाइक म्यानेज हुना साथै कल गर है।

समय : बेलुकीपख। स्थान : हवल्दारको डेरा।

घरभेटी बज्यै र सुशीलाबीच चर्को वादविवाद भइरहेको छ।

घरबेटी–बज्यै : ल भनिदिएको छु है हवल्दार्नी बहिनी, माघे सङ्क्रान्तिदेखि हजार रुपैयाँ बढ्यो है।

सुशीला : घरबेटी–बज्यै ६/६ महीनामा घरभाडा बढाउने कहाँको नियम हो हँ ? अस्ति असारमा हजार रुपैयाँ बढेको हो कि होइन ? मनलाग्दी गर्न पाइन्छ ? के यो देशमा कानून छैन ? के घरभाडामा बस्नेको हकहितका लागि कुनै निकाय छैन ?

घरबेटी–बज्यै : बजार भाउ बढ्या बढ्यै छ। तिमीहरूले दिएको भाडा त मलाई हरियो तरकारी खान पनि पुग्दैन।

सुशीला : खायौ लोभी बूढी। माछामासु खान त दशैं पर्खेर बस्नेहरूले यति महँगो हरियो तरकारी खान्छ भन्दा म पत्याउँछु।

घरभेटीबज्यै : मैले भनिदिएकी छु नि। मन लागे बस नलागे कोठा खाली गरिदेऊ।

सुशीला : दिएको दिए कै। हजार त के पाँच सय रुपैयाँ पनि थपेर दिन्नँ र घर पनि खाली गर्दिनँ। कहाँ जाने हो गए हुन्छ।

उषा नजीकै वादविवाद सुनिरहेकी छे।

उषा : हो मामु, यो किचकिचे बूढाबूढीको घरमा बस्नुभन्दा त अन्तै डेरा खोजौं।

घरबेटी–बा : हे हे हे। उषा नानी किन रिसाएकी ? मैले त अझसम्म केही भनेकै छैन। बरु यही बज्यै मात्र करकर गर्छे। पर्दैन नयाँ डेरा खोजी रहन। भाडाको विषयमा पनि हामी पुनर्विचार गरौंला। उषा नानी त आजभोलि आँगनमा डोरी खेलेको पनि देख्तिनँ। कति रमाइलो गरी खेल्ने गरेकी थिइन्। किन नखेलेकी ? खेले हुन्छ।

सुशीला : हेर न हेर एउटा बोक्सी एउटा धामी बनेका। यो बूढोको नियत राम्रो छैन जस्तो छ। आइज है उषा भित्र।

आमाछोरी कोठाभित्र प्रवेश गर्छन्।

खोज्न परे आरामले खोजौंला। हेरौं कसले हटाउँदो रहेछ हामीलाई यो घरबाट।

०००

समय : बिहान। स्थान : माईस्थानको पण्डितको चियापसल।

अङ्कित र उसको साथी बिजी गफ गर्दैछन्। अङ्कित केही चिन्तित देखिन्छ।

बिजी : अङ्कित, चिया खाने होइन ?

अङ्कित : खाऔं न त। अँ बिजी, मलाई एउटा हेल्प गर न यार।

बिजी : कस्तो हेल्प भन्न ?

अङ्कित : हेर्न मलाई शनिवार हेटौंडा साबुन फैक्ट्रीले अन्तर्वार्तामा बोलाएको छ। बिहान नौ बजेसम्म पुगिसक्नुपर्ने रहेछ। तँलाई थाहै छ, वीरगंजबाट बसले हेटौंडा पुग्न दुई/अढाई घण्टा लगाउँछ। यसैले मलाई एक दिनको लागि तेरो बाइक दे न यार।

बिजी : बाइक त दिनुहुन्थ्यो अङ्कित तर मामु बिहेको सपिडका लागि रक्सौल जाने भन्दै हुनुहुन्छ। बरु शकिलले नयाँ बाइक लिएको छ। त्यसको पुरानो पल्सर बाइक शायद खाली नै होला।

अङ्कित : (आशावादी बनेर) हो र ? शकिलले नयाँ बाइक लिएको छ ? त्यसो भए त्यसको पल्सर बाइक पक्कै खाली होला। अँ म कल गरी हेर्छु है।

अङ्कितले शकिललाई हतारहतार कल गर्छ।

हेलो, शकिल म अङ्कित। सुन न मलाई भोलि एक दिनको लागि तेरो बाइक चाहियो। अँ हेटौंडा अन्तर्वार्तामा पुग्नु छ। त्यो पनि हेर्न बिहानै। के बाइक खाली छैन अरे ? अनि तँसित त नयाँ बाइक पनि छ होइन र ? के पुरानो बाइक बेचिस अरे ? ए हो र ! ल ल राख।

बिजी : ए, शकिलले पल्सर बेचेछ ? कति छिटो। अँ अङ्कित आई एम सरी। रक्सौल जान नपरेको भए दिनुहुन्थ्यो।

अङ्कित : बिजी, मलाई एक क्षण बब्लुकहाँ पुग्नु छ। म लागे ल।

प्रस्थान गर्छ।

बिजी : इन्टरभ्यू सिन्टरभ्यू केही होइन गर्लफ्रेन्ड डुलाउनलाई मागेको होला यसले। कामधाम छैन गर्लफ्रेन्ड डुलाएर हिंड्नुपर्ने।

०००

समय : अपराह्न। स्थान : हवल्दारको घरको आँगन।

सुशीलाले हवल्दारको सेतो कपालमा कालो मेहदी लगाइदिंदैछे। उषा नजीकै मोबाइल खेलाएर बसिरहेकी छे।

सुशीला :हैन, यो मान्छे त रिटायर्ड नै नभई कति बूढो। कपाल पनि सिमभञ्ज्याङमा हिउँ परेको जस्तो सेतै भएछ। हिन्दी सिनेमाको त्यो एकजना चटपटे हीरो छ नि, के अरे त्यसको नाम ?

उषा : रजनीकान्त ?

सुशीला : अँ रजनीकान्त, तेरो बौभन्दा एक वर्ष कान्छो त रहेछ नि। तेरो बौ चौवन्न वर्ष त्यो त्रिपन्न वर्ष। परै अहिले पनि सोऱ्ह वर्षे केटीहरूसित सिनेमा खेल्दैछन्। हाम्रोचाहिं अहिले नै बूढो।

इमानसिंह : माधुरी दीक्षित पनि त तँभन्दा दुई वर्ष कान्छी त रहिछे नि। परै कति कलकलाउँदी छन् अहिले पनि। तँचाहिं किन बीउको आलु जस्तो चाउरिएको नि ?

क्रमशः

## अहिलेकी बुहारी......

नन्द : चिन्ता मत कर भौजी। बाबुजी ना खिसियइहन। मेला देखे जाए के बात बाबुजी के थाह बा। माई कह देले बाडी। (चिन्ता नगर्नु भाउजू। बुबा रिसाउनुहुन्न। मेला भर्न जाने कुरा बुबालाई थाहा छ। आमाले भनिदिनुभएको छ।)

रातिको नौ बजिरहेको थियो। अहिले मेलामा पुरुषहरूभन्दा महिलाहरूको भीड बढी छ। सासू, नन्द तथा छिमेकी महिलाहरूको हुलमा कनिया पनि थिइन्। सर्वप्रथम सबैजनाले माताको दर्शन गरे। देवी भगवतीको खोंइच भरे। त्यसपछि पसलहरूमा सामान हेर्दै र मन परेका सामान किन्दै हिंडिरहे। मेलाको सबै कुनाकाप्चा घुमिरहे। सोही बखत सानो स्वरमा सासूले भनिन्, "ए पतोह ! होने अलोता होजा, होदे सामने से काकाजी आवतानी।" विपरीत दिशाबाट गाउँका एकजना काका पर्ने आइरहेका थिए। त्यसैले सासूले बुहारीलाई एकातर्फ लुक्न आदेश दिइन्। बुहारी लुकिन्। काकाले उनीहरूलाई हेरेपछि तीव्र गतिमा सोही बाटो हुँदै अगाडि गए।

कनियाले मन परेका थुप्रै सामग्री किनिसकेकी थिइन्। अब उनलाई भित्री वस्त्र किन्ने मन थियो। नन्दको कानमा बिस्तारै भनिरहँदा सँगै रहेकी छिमेकी काकीकी बुहारीले पनि भित्री वस्त्र किन्ने कुरा सुनिन्। ती बुहारीको मनमा पनि यहीं विचार खेलिरहेको थियो। उनीहरूको वस्त्र किन्ने सल्लाहमा नन्दको पनि समर्थन थियो। नन्दको पछिपछि उनीहरू पनि हिंड्न थाले। उनीहरू जुन पसलमा जान्थे, महिलाहरू खाना पकाइरहेकाले पुरुषहरू पसलमा थिए। पुरुषसँग कसरी भन्ने ? कसरी किन्ने ? भन्ने लोकलाज हुनु स्वाभाविक थियो। अप्ठ्यारो भयो।

पसलामा उभिरहेकै बेला आफ्नै भसुर (जेठाजु) आइरहेको देखेर नन्दले भनिन्, "हो भौजी ! बडका भैया आवतारन, लुकाजा।" जेठाजु आइरहेको देखेर नन्दले भाउजूलाई लुक्न भनिन्। गाउँमैं मेला लागेकोले गाउँका प्रायः मानिस राति अबेरसम्म मेलामा घुम्थे। वर्षमा एकपटक जेनेरेटरबाट बल्ने बिजुलीको प्रकाशले गाउँ जगमग हुन्थ्यो। रमाइलो गर्ने अवसर प्राप्त हुन्थ्यो। त्यसैले गाउँका प्रायः मानिसहरू मेला सुनसान नभएसम्म घुमिरहन्थे।

घरीघरी कोही न कोही ठूलाबडा भेंटिहाल्थे। भाउजू यता लुक्नुस्। भाउजू उता लुक्नुस्। लुक्दालुक्दै बिचरी बुहारीको अवस्था बाल्यकालमा खेलेको लुकामारीको खेलजस्तै भइसकेको थियो। अन्ततः नन्दले कुनामा रहेको एक पसलमा लिएर गइन्। नन्दले भनिन्, "भौजी देख त हइ पसन्द बा ?" आसपास अरू कोही नभएकाले घुम्टो थोरै माथि उचालेर कनियाले हेरिन् र राम्रो छ भनिन्।

पसले महिलाको आँखा कनियाको अनुहारमा पर्‍यो। एकटकले हेरिरहिन्। चिनिन्। यद्यपि पुष्टि गर्नको लागि पसले महिलाले सोधिन्, बबी तोहर नैहर कहाँ ह ? पसले महिलाले माइती कहाँ हो सोधेपछि कनिया छक्क परिन्। कनियाले पनि चिनिन्। मुस्कुराइन्। ती पसले महिला कनियाको माइती गाउँकी छिमेकी काकी रहिछन्। माइतीको छिमेकी काकी भेट भएकीले कनिया अहिले अति हर्षित थिइन्।

पसले महिला : बबी तोहर माई तोहरा खातिर कुछ सामान भेजले बाडी। लेकिन हम तोहर घर ना देखले रनिहँ। बिहान सबेरे केहु से पुछ के तोहरा घरे जरूर अइतीं। लेल हइ झोरा। (नानु, तिम्रो आमाले तिम्रोलागि केही सामग्री पठाएकी छन्। तर मैले तिम्रो घर देखेकी थिइनँ। भोलि बिहान कसैसँग सोधेर तिम्रो घरमा अवश्य आउँथें। लेऊ, यो झोला)

आमाले कपडादेखि लिएर खानेकुरा पठाइदिएकी थिइन्। पसले काकीले भित्री वस्त्र सित्तैमा दिइन्। आमाको कुशल मङ्गल पनि सुनाइन्। अहिले कनियाको खुशीको कुनै सीमा थिएन। असाध्यै खुशी थिइन्। यताउति घुमाउँदै ठीक्क ठाउँमा ल्याएकीले नन्दलाई धन्यवाद दिइन्। सासूले आज मेला जाने अनुमति दिएकीले सासूप्रति पनि कृतज्ञता जाहेर गरिन्।

■■■

# अन्तर्राष्ट्रिय समाचार

## सन् २०२१ सम्म ४० प्रतिशतलाई खोप लगाउने लक्ष्य

जेनेभा, २२ असोज/सिन्ह्वा

विश्व स्वास्थ्य सङ्गठनले सन् २०२१ को अन्त्यसम्ममा विश्वका कम्तीमा पनि ४० प्रतिशत जनसङ्ख्यालाई खोप लगाइसक्नुपर्ने लक्ष्य निर्धारण गरेको छ। विश्व स्वास्थ्य सङ्गठनले विश्वका सबै देशमा सन् २०२२ को मध्यसम्ममा कम्तीमा पनि ७० प्रतिशत नागरिकले दुवै अर्थात् पूरा मात्रा खोप लगाउनुपर्ने लक्ष्य निर्धारण गरेको गत बुधवार सार्वजनिक गरेको हो ।

विश्व स्वास्थ्य सङ्गठनका महानिर्देशक टेडरस आधनम गेब्रियसले बुधवार ती लक्ष्यका बारेमा विश्वका देशहरूलाई जानकारी गराएका हुन्। उनले विश्वमा कोरोनाविरुद्धको खोप एक चुनौती बन्दै गएको भन्दै यसका लागि आवश्यक वातावरण बनाउन पनि विश्वका देशहरूलाई आग्रह गरे ।



तस्वीरः फाइल

उनले बाँच्न पाउनु हरेक नागरिकको अधिकार हो भन्दै विश्वका धनी देशहरूले गरीब तथा तेस्रो विश्वका देशहरूलाई कोरोनाविरुद्धको खोपको सहयोगका लागि पनि आग्रह गरेका छन्। रासस

## आतङ्ककारी हमलामा कम्तीमा सोन्हजना सैनिकको मृत्यु

बामाको, २२ असोज/सिन्ह्वा

मालीमा यहाँका आतङ्ककारीहरूले गरेको आक्रमणमा परेर कम्तीमा पनि सोन्हजना सैनिक मारिएका छन्। मालीको राष्ट्रिय सेनाले सो कुराको जानकारी दिएको हो । मध्य मालीमा बुधवार आतङ्ककारीहरूले सेनामाथि नै हमला गरेका थिए । मालीको सेनाले यहाँका अरू नौजना सेना पनि घाइते भएका बताएको छ ।



तस्वीरः सिन्ह्वा

मध्य मालीको बान्डिगारा बाटोमा सेनाको गस्तीका क्रममा आतङ्ककारीहरूले हमला गरेका थिए । बुधवार यहाँको राष्ट्रिय सेनाले प्रकाशन गरेको विज्ञप्तिमा आतङ्ककारीहरूले गरेको हमलामा परेर ११ जना सेना र १५ जना आतङ्ककारी मारिएको जनाएको थियो ।

सो आक्रमणका क्रममा घाइते भएकाहरूको बिहीवार निधन भएको थियो । यहाँको सेनाले सो हमला निकै शक्तिशाली र घातक रहेको भन्दै आक्रमणबाट मारिनेको सङ्ख्या अझ बढ्न सक्ने जनाएको छ । रासस

## भूकम्पबाट एक सयभन्दा बढी मानिस घाइते

बलुचिस्तान, २२ असोज/एएफपी

पाकिस्तानको दक्षिणी प्रान्त बलुचिस्तानमा बिहीवार बिहानै गएको भूकम्प परी एक सयभन्दा बढी मानिस घाइते भएका छन्। यद्यपि केही समाचार संस्थाले यहाँ कम्तीमा पनि १५० जना घाइते भएको जनाएका थिए ।



तस्वीरः सिन्ह्वा

बिहीवार बिहानै ५.९ रिक्टर स्केलको भूकम्प गएको र यसमा परी कम्ती २० जनाको मृत्यु भएको हिजो सरकारी अधिकारीहरूले जानकारी दिएका थिए। भूकम्पमा परेका मृतकमध्ये अधिकांश महिला तथा बालबालिका रहेका छन् ।

घाइतेमध्ये केहीको अवस्था गम्भीर भएको हुनाले मृतकको सङ्ख्या बढ्ने अनुमान गरिएको छ। घाइते भएकामध्ये कतिपयको अवस्था गम्भीर भएकाले अस्पतालमा उपचार भइरहेको छ ।

बलुचिस्तानका आन्तरिक मामिलामन्त्री मीर जिआउल्लाहले सो प्रान्तका प्रभावित क्षेत्रमा आपत्कालीन सेवा शुरू गरिएको जनाए ।

## बन्दुकधारीद्वारा १० गाउँलेको हत्या, ११ जना गम्भीर घाइते

अबुजा, २२ असोज/सिन्ह्वा

नाइजेरियाको एक गाउँमा अज्ञात बन्दुकधारीहरूले कम्तीमा पनि १० जना गाउँलेको हत्या गरेका छन् ।





तस्वीरः फाइल

उनीहरूले एक गाउँमा पसेर अन्धाधुन्ध गोली प्रहार गरेका थिए । त्यस क्रममा कम्तीमा पनि १० जना गाउँलेको ज्यान गएको छ भने अरू केही घाइते भएका छन् ।

नाइजेरियाको उत्तरपश्चिमी कातासिना नामक राज्यको एक दुर्गम गाउँमा सो हत्या भएको हो। उक्त गाउँमा बुधवार राति सो हत्या भएको यहाँका स्थानीय सञ्चारमाध्यमहरूले बिहीवार जानकारी दिएका हुन् ।

उक्त राज्यका प्रहरी प्रवक्ता गाम्बो इसाले सो गाउँमा बन्दुकधारीहरूले दुःखद घटना गरेको बताएका छन् । उनका अनुसार नाम नखुलेका ती व्यक्तिले गाउँलेमाथि बन्दुकले हमला गरेका र त्यसमा परेर १० जनाको ज्यान जानुका साथै अरू ११ जना नराम्ररी घाइते भएका छन् ।

घाइतेहरूलाई अस्पताल पुऱ्याइएको र त्यस हत्यामा संलग्नहरूको खोजी गरी घटनाको अनुसन्धान थालिएको पनि ती प्रवक्ताले जनाएका छन् । रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – व्यापारवृद्धि | वृष – शत्रुपराजय |
| मिथुन – सुसमाचार | कर्कट – उदरपीडा |
| सिंह – विजय | कन्या – धनलाभ |
| तुला – भाग्योदय | वृश्चिक – बेचैनी |
| धनु – धनलाभ | मकर – सफलता |
| कुम्भ – राज्यलाभ | मीन – वादविवाद |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

## प्रेस स्वतन्त्रताका पक्षमा सरकार प्रतिबद्ध छ -सञ्चारमन्त्री कार्की

काठमाडौं, २२ असोज/रासस

सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले शुक्रवार पदभार ग्रहण गरेका छन् ।

पदभार ग्रहण गर्दै मन्त्री कार्कीले मन्त्रालयको वार्षिक प्रगति समीक्षा प्रकाशन गर्ने निर्णय डिजिटल हस्ताक्षरमार्फत सदर गरे ।

सो अवसरमा उनले स्वतन्त्र प्रेसले नै लोकतन्त्रको रक्षा गर्ने बताउँदै वर्तमान सरकारले प्रेस स्वतन्त्रताको उच्च सम्मान गर्ने र सरकार प्रेस स्वतन्त्रताको पक्षमा रहने प्रतिबद्धता व्यक्त गरे ।

मन्त्री कार्कीले पत्रकारिता क्षेत्रको विकासलाई प्रोत्साहन गर्दै सरकारले जनताको चाहना अनुसार काम गर्नेछ भने ।

उनले भने, "सरकारी काम कारबाहीलाई व्यवस्थित, पारदर्शी र प्रभावकारी बनाउन सूचना प्रविधिको उच्चतम प्रयोग अपरिहार्य छ, प्रजातन्त्रमा नागरिक सर्वोच्चता पहिलो शर्त हो, नागरिकलाई सेवा प्रदान गर्ने जिम्मेवारी सरकारको हो, सरकारले बाटो बिराउन सक्छ, त्यस्तो अवस्थामा प्रेसजगत्को आफ्नै किसिमको भूमिका हुन्छ, त्यसका निम्ति सरकारले प्रोत्साहित गर्नेछ ।"

मन्त्री कार्कीले जनताको सर्वोच्चता स्थापित गर्ने र सूचनालाई सबैको हकका रूपमा स्थापित गर्ने जनाउँदै सञ्चार मन्त्रालयलाई केवल दैनिक काम गर्ने मन्त्रालयका रूपमा नभएर अहिलेको समयको चुनौतीलाई अवसरको रूपमा परिणत गर्ने मन्त्रालयका रूपमा परिवर्तन गर्ने बताए ।



सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्की । तस्वीरः रासस

सो अवसरमा मन्त्रालयका सचिव डा वैकुण्ठ अर्यालले मन्त्रीसमक्ष मन्त्रालयको काम र जिम्मेवारीबारे जानकारी गराएका थिए ।

नेपाली काङ्ग्रेसको तर्फबाट सञ्चार मन्त्रालयको जिम्मेवारी पाएका मन्त्री कार्की यसअघि कानून, न्याय तथा संसदीय मामिला मन्त्री थिए । अर्थमन्त्रीसमेत भइसकेका मन्त्री कार्की सुनसरी निर्वाचन क्षेत्र नं ४ बाट निर्वाचित सांसद हुन् । उनी विसं २०३९ सालमा पार्टीको भ्रातृ सङ्गठन नेपाल विद्यार्थी सङ्घको अध्यक्षसमेत भएका थिए ।

## सिम्रौनगढमा इन्भेस्टमेन्टको शाखा खुल्यो

प्रस, सिम्रौनगढ, २२ असोज/

सिम्रौनगढ नगरपालिकामा शुक्रवारदेखि नेपाल इन्भेस्टमेन्ट बैंकको शाखा सञ्चालनमा आएको छ ।



सिम्रौनगढ नपा-६ बजारको सूर्यवंशी चोकमा आजदेखि सञ्चालनमा आएको सो बैंकको शाखाको नगरप्रमुख विजयशङ्कर यादव र बैंकका क्षेत्रीय प्रबन्धक सुशील श्रेष्ठले संयुक्तरूपमा गरेका थिए ।

क्षेत्रीय प्रबन्धक श्रेष्ठले सिम्रौनगढमा शाखा सञ्चालन भएसँगै बैंकको अब देशभरि ८८ वटा शाखा भएको बताए ।

कार्यक्रममा नगरप्रमुख यादवले 'क' वर्गको बैंकको शाखा सिम्रौनगढमा सञ्चालनमा आएकोमा खुशी व्यक्त गरे । उनले बैंकले उत्कृष्ट सेवा प्रदान गरेर ग्राहकको मन जित्न सफल हुने विश्वास व्यक्त गरे ।

कार्यक्रममा नेपाल पत्रकार महासङ्घ बाराका उपाध्यक्ष रामबाबू मेहता, नेपाली काङ्ग्रेसका चन्द्रशेखर यादव, प्रहरी निरीक्षक दीपक सुवेदी, समाजसेवी रामेश्वर यादवलगायतको सहभागिता थियो ।

## विन्ध्यवासिनी गापामा शुभकामना आदानप्रदान

प्रस, विन्ध्यवासिनी, २२ असोज/

विन्ध्यवासिनी गाउँपालिकाको आयोजनामा हिन्दूहरूको महान् पर्व बडादशैं, दीपावली तथा छठ पर्वको उपलक्ष्यमा शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न भएको छ ।

विन्ध्यवासिनी गापा कार्यालयमा आयोजित कार्यक्रममा जनप्रतिनिधि र कर्मचारीहरूले अबिर र टीका लगाएर एकअर्कालाई शुभकामना दिएका थिए ।

गापा प्रमुख श्रीलालसाह कानूको अध्यक्षता तथा निमित्त प्रमुख प्रशासकीय अधिकृत श्यामबाबू साहको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा गापा उपप्रमुख किरणदेवी गुप्ता, वडाध्यक्ष समीर मियाँ, सञ्जय चौहान, सलमा खातुन, अनोजकुमार चौरसिया, सुकदेवराउत अहिर, सन्तोषकुमार साह, नगेन्द्रप्रसाद कुशवाहा, रूपेन्द्र साह, अञ्जु गुप्ता, अमेन्द्र पाल, राकेश साह, सरस्वती देवी, भागमती देवीलगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

## प्रदेश २ को प्रदेशसभाबाट आज दुई विधेयक पारित

धनुषा, २२ असोज/रासस

प्रदेश नं २ को प्रदेशसभामा दुई विधेयक पारित गरिएको छ। शुक्रवार बसेको बैठकले प्रदेश पदक सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७८ र स्वास्थ्य सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७८ गरी दुईवटा विधेयक सर्वसम्मतिले पारित गरेको हो।

दुई महीनाअघि प्रदेशसभामा पारित प्रमाणीकरणका लागि प्रदेश प्रमुखको कार्यालय पठाइएको दुवै विधेयक थप संशोधनका लागि तत्कालीन प्रदेश प्रमुख राजेश झा अहिराजले सुझावसहित पुनः प्रदेशसभामा पठाएका थिए ।

सुझावलाई समावेश गरी प्रदेश २ का आन्तरिक मामिला तथा सञ्चारमन्त्री भरत साहले प्रदेश पदकसम्बन्धी विधेयक र सामाजिक विकासमन्त्री नवलकिशोर साहले स्वास्थ्य सेवासम्बन्धी विधेयक आजको बैठकमा सभामुख सरोजकुमार यादवले निर्णयार्थ पेश गरेपछि सर्वसम्मतबाट पारित भएको हो ।





बैठकमा स्वास्थ्य विधेयकमाथिको छलफलका क्रममा प्रदेशसभा सदस्यले प्रदेश २ को सरकारी अस्पतालको अवस्था दयनीय रहेकाले उचित व्यवस्थापनका लागि सरकारको ध्यानाकर्षण गराएका थिए ।

स्वास्थ्य विधेयकमाथिको छलफलका क्रममा नेपाली काङ्ग्रेसका शिवचन्द्र चौधरी, जसपाका रामआशिष यादव, लोसपाका रानी शर्मा तिवारी, परमेश्वर साह, नेकपा एमालेका किशोरी साहलगायतले सुझाव दिएका थिए । उनीहरूले प्रदेशको नाम र राजधानीबारे चाँडो टुङ्गो लगाउनुपर्ने सुझाव पनि दिएका थिए ।


### वीरगंज महानगरपालिकाको लोककल्याणकारी सूचना

बालबालिका भविष्य हुन् । आजको लगानी भोलिको लागि सबै बालबालिकालाई विद्यालय पुऱ्याऊ, बालबालिकालाई विद्यालयसम्म पुऱ्याउन र टिकाउनका लागि राजनीतिक दल, नागरिक समाज, सरकारी तथा गैरसरकारी निकायहरू, स्थानीय सञ्चारमाध्यम सबै सहभागी बनौं ।


### बाराको प्रसौनी गापा.....

उपरीक्षक दीपेन्द्र शाहीले सिसिटिभी जडानपछि शान्ति सुरक्षामा सघाउ पुगेको बताए । उनले सिसिटिभीको सहयोगमा स्थानीय तहमा हुने अपराध नियन्त्रण गर्न प्रहरीलाई सहयोग मिल्ने बताए। सबै घटनाको प्रहरीले निगरानी राख्न नसकेको अवस्थामा सिसिटिभी जडानबाट धेरै सहयोग पुग्ने बताए ।

नेपाल तरुण दल बाराका अध्यक्ष लोकेश सिंहले सिसिटिभी जडानले यस क्षेत्रको शान्ति सुरक्षामा ठूलो सहयोग पुग्ने विश्वास व्यक्त गरे ।

कार्यक्रममा गापा उपप्रमुख गीता साहले स्वागत र निमित्त प्रशासकीय अधिकृत सुरेश साहले सहजीकरण गरेका थिए ।

# चेन्नईबाट आएको रिनल्टका ११० वटा कार वीरगंजबाट जाँचपास

प्रस, परवानीपुर, २२ असोज/

कार बोक्ने विशेष रेलबाट चेन्नईबाट रामगढवा हुँदै वीरगंज आएको रिनल्ट ब्रान्डको ११० वटा कार वीरगंज भन्सारबाट जाँचपास भएको छ।

वीरगंज भन्सार मातहतको आइसिपी भन्सार नाकाबाट ती कारहरू शुक्रवार जाँचपास भई काठमाडौंतर्फ गएको वीरगंज भन्सारले जनाएको छ।

एउटाको भारु १६ लाख ५३ हजार ३१७ मूल्य परेको छ। २९ करोड ९ लाख ८३ हजार मूल्य परेको ११० वटा डिजेल/पेट्रोल इन्जिन कार करीब २१ करोड राजस्व बुझाएर वीरगंज भन्सारबाट जाँचपास भई काठमाडौं लगिएको वीरगंज भन्सारका सूचना अधिकारी सुमित गुप्ताले जानकारी गराए। उनका अनुसार ती गाडीहरूमा ८० प्रतिशत भन्सार महसूल, ६० प्रतिशत अन्तःशुल्क, १३ प्रतिशत मूअक र ८ प्रतिशत सडक सम्भार दस्तुर गरी गरी कुल २१ करोडको हाराहारीमा राजस्व सङ्कलन भएको उनले बताए। दशैं, तिहारको लागि पछिल्लो समय रिनल्ट कारको माग बढेकाले रिनल्टको नेपालका लागि आधिकारिक विक्रेता एडभान्स अटोमोबाइल्स प्रालिले आयात गरेको हो।

विशाल समूह अन्तर्गतको एडभान्स अटोमोबाइल्सले पहिले सडक र रेलमार्ग भएर ड्राइपोर्टसम्म कार आयात गर्थ्यो भने अहिले चेन्नईबाट निजी कार ढुवानी गर्ने रेलबाट रक्सौल नजीकैको रामगढवासम्म कार ल्याएको थियो भने रामगढवाबाट बाइरोड ती कारहरू बिहीवार आइसिपी भन्सार नाका प्रवेश गरेका थिए। नेपालमा कोरोना महामारी कम भएकोले पछिल्लो समय कार आयात बढेको भन्सार अधिकारीहरूले बताएका छन्।


तस्वीरः प्रतीक

# हातेमालोको साधारणसभा सम्पन्न

प्रस, जीतपुर, २२ असोज/

मुलुकको आर्थिक, सामाजिक, राजनीतिक विकासको लागि सरकारले हामीसँग सहकार्य गर्नुपर्छ, किन गर्दैन ? राष्ट्रिय सहकारी बैंक लिमिटेडका अध्यक्ष केबी उप्रेतीले प्रश्न गरे।

हातेमालो सहकारी संस्थाको १४औं वार्षिक साधारणसभा समारोहमा उप्रेतीले भने, "हातेमालो सहकारीले मुलुकको आर्थिक, सामाजिक, राजनीतिक विकासमा उल्लेखनीय योगदान पुऱ्याएको सबैसामु प्रस्ट छ।"

कार्यक्रममा जीतपुरसिमरा उपमहानगरपालिकाका प्रमुख डा कृष्ण पौडेलले शिक्षा, स्वास्थ्य, सडकको विकास नभएसम्म सबै विकास अधूरो छ, त्यसैले यस भेगको समग्र विकासको लागि सहकार्य गर्न तयार छु, सहकार्य गरौं, विकास गरौं भने।

कार्यक्रममा बारा जिल्ला कृषि सहकारी सङ्घका अध्यक्ष मिश्रीलाल सहनी, बारा जिल्ला बचत तथा ऋण सहकारी संस्था लि.का अध्यक्ष सत्येन्द्र ठाकुर, नेपाल बचत तथा ऋण सहकारी संस्था लि.का केन्द्रीय सदस्य हरेराम पटेललगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए।

साधारणसभाको बन्द सत्रले निर्विरोध तथा सर्वसहमतिले पदाधिकारी चयन गरेको छ। सञ्चालक समितिको अध्यक्ष यज्ञबहादुर आले, उपाध्यक्ष सञ्जयकुमार साह, महिला उपाध्यक्ष देवी अधिकारी र सचिवमा दीपक भट्टलगायत चयन भएका छन्।



तस्वीरः प्रतीक




# खेलकूदको संसार

## अमृत युवा क्लब र निर्मल समाज क्लब दशैंकपको फाइनलमा

चिरञ्जीवी सापकोटा, ठोरी, २२ असोज/

वनशक्ति युवा क्लबको आयोजनामा ठोरी गाउँपालिका-२ को ब्यारेक खेलमैदानमा जारी दशैंकप-२०७८ अन्तर्गत शुक्रवार भएका दुईवटा सेमिफाइनल खेलमा अमृत युवा क्लब र निर्मल युवा समाज फाइनलमा प्रवेश गरेका छन्।



आजको खेलमा अमृत युवा क्लब ठोरी-२ सुन्दरबस्तीले श्रीस्टार क्लब ठोरी-१ सरस्वतीनगरलाई शून्यका विरुद्ध दुई गोलअन्तरले पराजित गर्दै फाइनलमा प्रवेश गरेको हो।

पहिलो सेमिफाइनल खेलमा अमृत युवा क्लबलाई विजयी बनाउन मध्यान्तरपूर्व सफल गुरुङले पहिलो गोल गरेका थिए। खेल प्रतिस्पर्धात्मक थियो र मध्यान्तरपछि अमृत युवा क्लबकै सरोज तामाङले पेनाल्टीबाट दोस्रो गोल गरेका थिए। पहिलो खेलको 'म्यान अफ दी म्याच' अमृत युवा क्लबका सनम लामा घोषित भएको आयोजक समितिका नरबहादुर क्षेत्रीले बताए।

दोस्रो खेलमा जनचेतना युवा क्लब ठोरी-१ लाई निर्मल समाज क्लबले शून्यका विरुद्ध दुई गोलअन्तरले नै पराजित गर्दै फाइनल यात्रा सुरक्षित गरेको छ। मध्यान्तरपूर्व निर्मल समाज क्लबका कृजन मगरले गोल गरी टीमलाई अग्रता दिलाएका थिए।

मध्यान्तरपछिको खेलमा निर्मल समाज क्लबका केवल अधिकारीले थप एक गोल गरी विजय सुनिश्चित गरे। दोस्रो सेमिफाइनल खेलको 'म्यान अफ दी म्याच' जनचेतना युवा क्लबका लामा घोषित भए।

दशैंकप-२०७८ को फाइनल खेल आइतवार हुनेछ। खेलको विजेतालाई नगद ५२ हजार तथा उपविजेतालाई नगद २६ हजार, मेडल, ट्रफी तथा प्रमाणपत्र प्रदान गरिने आयोजक क्लबका अध्यक्ष कमल रानाले बताए।

## स्व रामबहादुर श्रेष्ठ दोस्रो गोल्डकप फूटबलमा सुवर्ण युवा क्लब ठोरी सेमिफाइनलमा

माधव तिमिल्सिना, ठोरी, २२ असोज/

ठोरी गाउँपालिका-४ मा जारी समाजसेवी स्व रामबहादुर श्रेष्ठ दोस्रो गोल्डकप फूटबल प्रतियोगिताको सेमिफाइनल समीकरण शुक्रवार पूरा भएको छ। शुक्रवार सम्पन्न क्वाटरफाइनलको अन्तिम खेलमा सुवर्ण युवा क्लब ठोरी-५ विजयी भयो। टाइब्रेकरमा भरतपुर फूटबल क्लब, चितवनलाई पराजित गर्दै सुवर्ण युवा क्लब ठोरी-५ सेमिफाइनलमा पुग्न सफल भएको हो।


तस्वीरः प्रतीक

निर्धारित समयमा गोलरहित बराबरीमा खेल टुङ्गिएपछि टाइब्रेकरबाट निर्णय भएको थियो। सुवर्ण युवा क्लबले भरतपुरलाई एकका विरुद्ध तीन गोलअन्तरले पराजित गर्दै सुवर्ण युवा क्लब ठोरी-५ विजयी भएको हो।

आजको खेलमा सुवर्ण युवा क्लबका अशोक बराल 'म्यान अफ दी म्याच' घोषित भए।

यसैबीच, विजयबस्ती खेलमैदानमा असोज २५ गतेदेखि शुरू हुने सेमिफाइनल चरणको खेलमा पर्साका चारवटा टीमले फाइनल प्रवेशका लागि भिडन्त गर्ने आयोजकले जनाएको छ। सेमिफाइनलको पहिलो दिन असोज २५ गते निर्मल समाज युवा क्लब, ठोरी-४ र वनशक्ति क्लब ठोरी-२ का बीच फाइनल प्रवेशका लागि भिडन्त हुनेछ भने दोस्रो दिन २६ गते वीरगंज युनाइटेड र सुवर्ण युवा क्लब ठोरी-५ बीच प्रतिस्पर्धा हुनेछ।

## राष्ट्रिय फूटसल लिगको उपाधि स्पोर्ट्स क्यासललाई

कास्की, २२ असोज/रासस

घरेलु टोली स्पोर्ट्स क्यासलले पोखरामा सञ्चालन भएको नेपालको पहिलो 'ए डिभिजन' राष्ट्रिय फूटसल लिगको उपाधि जितेको छ। पोखरा रङ्गशालाभित्रको बहुउद्देश्यीय कभर्ड हलमा शुक्रवार सम्पन्न फाइनल खेलमा काठमाडौंको शङ्खमूल फूटसल क्लबमाथि ४-२ अन्तरको जीत निकाल्दै क्यासल च्याम्पियन बनेको हो।

उपाधि विजेता क्यासलले रु १० लाख पुरस्कारसहित ट्रफी प्राप्त गऱ्यो भने उपविजेता बनेको शङ्खमूलले रु पाँच लाखमा चित्त बुझायो। पहिलो संस्करणको प्रतियोगितामा पोखरेली क्लब स्पोर्ट्स क्यासललाई उपाधि दिलाउन किशोर गुरुङले ह्याट्रिक गरे भने विजय गुरुङले एक गोल गरे। शङ्खमूलका लक्ष्मण थापामगर र मणि लामाले समान एक/एक गोल गरे।

लिगको उदीयमान खेलाडी स्पोर्ट्स क्यासलका सुमित श्रेष्ठ घोषित भए। उत्कृष्ट गोलकीपर शङ्खमूलका अनिश श्रेष्ठ, उत्कृष्ट डिफेन्डर फूटसल धरान-५ का विजय श्रेष्ठ, उत्कृष्ट विङ्गर शङ्खमूलका मणि लामा र उत्कृष्ट प्रशिक्षक क्यासलका विष्णु गुरुङ घोषित भए। उनीहरू सबैले जनही रु २५ हजार पुरस्कार पाए।

लिगको विजेता तथा उपविजेतासहित पाँच विधामा उत्कृष्ट हुन सफल खेलाडीलाई गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेल, युवा तथा खेलकूदमन्त्री राजीव गुरुङ (दीपक मनाङे), अखिल नेपाल फूटबल सङ्घ (एन्फा)का अध्यक्ष कर्माछिरिङ शेर्पालगायतले ट्रफी तथा मेडल पुरस्कार वितरण गरेका थिए। अखिल नेपाल फूटबल सङ्घले देशमा पहिलोपटक राष्ट्रिय फूटसल लिग आयोजना गरेको हो। गत असोज २ गतेदेखि शुरू भएको प्रतियोगितामा देशका सात प्रदेशबाट गरी १० टोलीले सहभागिता जनाएका थिए।


पर्सा जिल्लाको जीराभवानी गाउँपालिका-३ नौकाटोलाका किसानहरू हुलाकी सडकमा भदई धान सुकाउँदै। तस्वीरः ओमप्रकाश चौधरी